

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर**

The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद

बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**

नगाँचा, कमलविनायक, भक्तपुर

लक्ष्मण तचामो

मो.नं. ९८०३६८७३२३



वर्ष : २५ ★ अङ्क : ३४२ ★ ने. सं. ११४४ थिंल्ला गा, चतुर्थी ★ आइतबार ★ १५ पुस, २०८० ★ December 31, 2023, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## बहा बही चिनौं, सम्पदा संरक्षण गरौं

# भक्तपुर नपाको आयोजनामा सम्पदा पदयात्रा सम्पन्न




भक्तपुर, १४ पुस । भक्तपुर नगरपालिकाको आयोजनामा भएको 'बहा बही चिनौं, सम्पदा संरक्षण गरौं' भन्ने नारासहित योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा शनिबार भव्य कार्यक्रमबीच सम्पन्न भयो । भक्तपुर नपाले योमरी पुन्हीको अवसर पारेर नगरका विभिन्न क्षेत्रमा रहेका बहाबहीहरू अवलोकन गराउने उद्देश्यले योमरी उत्सव र सम्पदा पदयात्राको आयोजना गरेको हो ।

पदयात्रा सम्पन्न भएपछि गोल्मढीमा आयोजित समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नपाले नेपालभाषाबाट प्रकाशित गरेको 'प्रगतिशील भजन म्यँ मुना' नामक पुस्तक विमोचन गर्नुभयो ।

उहाँले भन्नुभयो, "बेलायती यात्री ई.ए. पावेलले भक्तपुर नघुमेको यात्रीले विश्वको आधा भाग नघुमेजस्तै हुने बताएका थिए । यो भनाइले भक्तपुरको सांस्कृतिक सम्पदाको महत्त्व पुस्टि गरेको छ । पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नयाँ पुस्ताको साझा सम्पत्ति हो ।"

सांसद सुवालले नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले २०५८ सालमा सांस्कृतिक नगर घोषणासम्बन्धी विधेयक दर्ता गराउनुभएको थियो; २२ वर्ष भयो, सरकारहरूले विधेयक पारित गरेनन्; सांस्कृतिक सम्पदा संरक्षण भए पर्यटन उद्योगसमेत प्रवर्द्धन गर्न मद्दत पुग्ने थियो भन्नुभयो ।

उहाँले भन्नुभयो, "ख्वप विश्वविद्यालयको विधेयक संसद्मा पुगेको ८ वर्ष भयो तर सरकारहरूले पारित गरेनन् । राणा शासनले जनतालाई नपढाई १०४ वर्षसम्म अन्धकार युगमा राखेको थियो । गणतन्त्रमा पनि त्यही भइरहेको छ ।"

"प्रधानमन्त्रीहरूसँग देश विकासको खाका नै छैन । प्रधानमन्त्रीहरूले आफ्ना छोराछोरीलाई हेर्ने होइन, देशभरिका जनताका छोराछोरीलाई हेर्नु जरुरी छ । जनताका छोराछोरीलाई राम्रोसँग नपढाई विदेशीसँग पैसा लिनको निम्ति पास गराउनु सरकारले जनतालाई धोका दिनु हो ।" सांसद सुवालले भन्नुभयो ।

"जनताका छोराछोरीलाई वैदेशिक रोजगारीमा पठाएर प्राप्त विप्रेषण रकमबाट भारतसँग दाल, चामल, तरकारी किन्नु सरकार जिम्मेवार नहुनु हो । सरकारले देशको सन्तुलित विकास गरी कृषिमा आत्मनर्भिर बनाउनु आवश्यक छ ।" उहाँले भन्नुभयो ।

उहाँले सबै भाषा र संस्कृतिका जनता मिलेर युद्धको विरोध गर्नु जरुरी छ; संसारमा इजरायल र अमेरिकाले प्यालेस्टिनमा गरेको जातीय नरसंहारको विरोध भइरहेको छ; नेपाल मजदुर किसान पार्टीले काठमाडौं, काभ्रे, जुम्ला, दैलेख, कालीकोट, बाँके, कैलाली, भक्तपुर, ललितपुरमा जुलुस र सभा गरी युद्धको विरोध गर्दै छन् भन्नुभयो ।

उहाँले संसारका धेरै बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा सबै जातजाति र भाषाभाषीका जनता एकआपसमा मिली भाइचारा सम्बन्ध कायम गरी बसिरहेको र नेपाल पनि त्यसमध्ये एउटा हो भन्नुभयो ।

छिमेकी देश भारतले बुद्ध भारतमा जन्मेको भनी दुष्प्रचार गर्दा पनि नेपाल सरकार मौन बस्नुमा सरकारको औचित्यमाथि प्रश्न उठेको बताउँदै उहाँले नेपाली जनशक्ति विदेश पठाएर रेमिट्यान्सको भरमा देश सञ्चालन गर्ने सरकारको नीतिको विरोध गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षण र लोपोन्मुख अवस्थामा रहेका सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले विविध गतिविधिहरूलाई जोड दिँदै आइरहेको बताउनुभयो ।

भक्तपुरमा रहेका बहाबहीहरू आफैंमा एउटा अमूल्य सम्पत्तिको रूपमा रहेको चर्चा गर्दै उहाँले बौद्ध दर्शनमा भौतिकवादी दृष्टिकोण भएको उल्लेख गर्नुभयो ।

प्रमुख प्रजापतिले १२ औंदेखि १५ औं शताब्दीसम्म भक्तपुरमा रहेका थुप्रै मल्लकालीन सम्पदाहरूको संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

बहाबही चिनाउने उद्देश्यले आयोजना गरिएको सम्पदा पदयात्राले नेपालमा बौद्ध धर्म र दर्शनबारे खोजमूलक अध्ययन अनुसन्धानमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो ।

बौद्ध दर्शनका अध्येता डा. पुष्परत्न शाक्यले भक्तपुर नपाको आयोजनामा भएको भक्तपुरका प्राचीन बहाबही अवलोकन कार्यक्रम बौद्ध दर्शन र संस्कृतिप्रति जागरण ल्याउने ऐतिहासिक कदम भएको बताउनुभयो ।

भक्तपुर नपाले जनतामाझ गरेका प्रतिबद्धताअनुसारको काम गरिरहेको उल्लेख गर्दै उहाँले संरक्षणको अभावमा रहेका बहाबहीको अस्तित्व हराउँदै अवस्था सिर्जना हुन नदिन गरेको यस किसिमको प्रयास सराहनीय भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छें, भनपा


## भक्तपुर सिकर्मी संघ

भक्तपुर जिल्ला समिति, जगाती, भक्तपुर

**११ औं वार्षिक साधारणसभा तथा बृहत् सिकर्मी भेला**

यस संघको मिति २०८०/०९/१३ गते, शुक्रबार बसेको कार्यसमिति बैठकको निर्णयबमोजिम ११ औं वार्षिक साधारणसभा तथा बृहत् सिकर्मी भेला कार्यक्रममा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछ ।

**कार्यक्रम**

मिति : २०८० पुस २९ गते, आइतबार

समय : बिहान ९ बजेदेखि

स्थान : च्वङा गणेश मन्दिर परिसर

अनुरोध

भक्तपुर सिकर्मी संघ


# शुद्ध खानेपानीको व्यवस्था गर्नु सरकारको दायित्व

भक्तपुर, १४ पुस । लाकिला खोनपानी तथा सरसफाइ उपभोक्ता समितिको शनिबार दसौं वार्षिक साधारणसभा सम्पन्न भयो ।

उक्त सभामा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले शुद्ध खानेपानीको व्यवस्था गर्नु सरकारको दायित्व भएको उल्लेख गर्नुभयो ।

पानीकै कारण धेरै रोग लाग्ने हुँदा उपभोक्ता समितिले शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सांसद सुवालले घर आँगन, टोल सफा राख्न लगाउन जनतालाई शिक्षित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

शुद्ध खानेपानी र सरसफाइको महत्त्वबारे विद्यालय शिक्षादेखि बताउनुपर्ने आवश्यकता औंल्याउँदै सांसद सुवालले घरपरिवारको असमझदारी, झगडा र विवाद हुँदा बालबच्चाको मस्तिष्कमा नकारात्मक असर पर्ने उल्लेख गर्नुभयो ।

जाँड, रक्सी, चुरोटको खर्च केटाकेटीको स्वास्थ्य र शिक्षाको लागि पुग्नेतर्फ सबै अभिभावकहरू सचेत हुनुपर्ने चर्चा गर्दै सांसद सुवालले नयाँ पुस्ता लागुपदार्थमा नफस्ने बनाउन सरकारले आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

एक दुई जना स्रोत साधन सम्पन्न र धनी हुँदैमा समाज राम्रो नहुने उल्लेख गर्दै सांसद सुवालले सरकारको नेतृत्व बरोबर गर्ने तर देश र जनताको हितमा काम नगर्ने प्रधानमन्त्रीहरूको पछाडि नेपाली जनता लाग्न हुने स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले पहिलो कार्यकालमा अनुभव लिएको, दोस्रो कार्यकालमा केही गर्न खोज्दा गर्न नदिएको आरोप लगाइयो तेस्रो कार्यकालमा काम गरी देखाउने भन्नुभएको एक वर्ष भयो, यो अवस्थामा देशको अर्थतन्त्र ध्वस्त भयो, सांसद सुवालले उल्लेख गर्नुभयो ।

सांसद सुवालले शिक्षा, स्वास्थ्य र रोजगारीको जिम्मेवारी नलिने प्रधानमन्त्रीहरूको औचित्य नहुने स्पष्ट गर्नुभयो ।

सांसद सुवालले एमसीसी सम्झौताको कारण नेपालमा पनि प्यालेस्टिन र युक्रेनमा जस्तो फासीवादी र साम्राज्यवादीहरूको युद्ध सामना गर्नुपर्ने खतरा बढेको उल्लेख गर्नुभयो ।

नेमकिपा चाँगु नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले स्वास्थ्य शिक्षा शिविर, पाठेघर र स्तन क्यान्सरसम्बन्धी शिविर सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै सरसफाइ कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्नुभयो । सभामा समितिका कोषाध्यक्ष कृष्णराम सुलुले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

सभा समितिका अध्यक्ष प्रेमबहादुर सुलुको सभापतित्वमा भएको थियो ।

**कार्टुन**





**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्राका केही झलक













## भक्तपुर बचतको अवलोकन भ्रमण मन्थली साकोसमा

रामेछाप, १४ पुस । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को विभिन्न समिति, उपसमिति, सल्लाहकार र कर्मचारीहरूको प्रतिनिधिमण्डलले रामेछापको मन्थली बचत तथा ऋण सहकारी संस्था लि.मा शनिबार अवलोकन भ्रमण गरेको छ ।

प्रतिनिधिमण्डललाई मन्थली बचतका अध्यक्ष गोविन्दप्रसाद घिमिरेले स्वागत गर्नुभयो । मन्थली बचतका अध्यक्ष घिमिरेले संस्थाको सामाजिक, स्वास्थ्य, आर्थिकलगायतका विभिन्न विषयमा स्पष्ट पार्दै भक्तपुर बचतसँग नियमितरूपमा सहकार्य गर्दै जाने बताउनुभयो ।

उहाँले अहिलेको आर्थिक समस्यालाई मनन गरी ऋण असुलीको वर्षको रूपमा घोषणा गरेको स्पष्ट पार्नुभयो । मन्थली सहकारीको नेतृत्वमा तामाकोशी अस्पताल सञ्चालन गरी करिब १७ हजार सदस्यहरूलाई स्वास्थ्य बीमा तथा दुर्घटना बीमा गरी स्वास्थ्य सेवा दिइराखेको अवगत गराउनुभयो ।

उक्त संस्थाका अध्यक्ष घिमिरेले करिब १ अर्ब २८ करोडको कुल वासलात भएको सहकारीले रामेछाप जिल्लामा सामुदायिक सहकारीको पहिचान बनाई बिनाधितो एक पैसा पनि लगानी नगरेको जानकारी दिनुभयो ।

कार्यक्रममा रामेछाप जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष एवं मन्थली साकोसका सचिव हिमाल ढुङ्गेलले रामेछाप जिल्लाका सहकारीको वर्तमान अवस्थाबारे जानकारी दिनुभयो ।

पुस १४ देखि १६ सम्मको अवलोकन भ्रमण कार्यक्रमको पहिलो दिन भक्तपुर साकोसका अध्यक्ष निर्मल प्रजापतिले मन्थली साकोसका अध्यक्ष घिमिरेलाई मायाको चिनो प्रदान गर्दै हालसम्म भक्तपुर साकोसले गरेका गतिविधिबारे जानकारी गराउनुभयो ।

कार्यक्रममा पूर्वअध्यक्ष तथा सल्लाहकार रत्नप्रसाद प्रजापति, उपाध्यक्ष लक्ष्मीप्रसाद कुसी, व्यवस्थापक सत्यनारायण साँयजूलगायतले विभिन्न विषयमा जिज्ञासा राख्नुभयो ।

## देश र जनताको सेवा गर्न महिला कार्यकर्ताहरू राजनैतिकरूपले शिक्षित हुनुपर्ने

भक्तपुर, १४ पुस । विश्व सर्वहारावर्गका महान् नेता माओ त्सेतुङको १३० औँ जन्म जयन्तीको अवसरमा मुगथली महिला पले स्वाँ पुच: को आयोजनामा प्रवचन एवं पुरस्कार वितरण कार्यक्रम भयो ।

उक्त प्रवचन कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एन.वी.दुवालले माओबाट देश र जनताको सेवामा समर्पित भई काम गर्न महिला कार्यकर्ताहरूले राजनैतिक शिक्षा लिनुपर्ने बताउनुभयो ।

उहाँले जन्म जयन्ती मनाउनु भनेको जीवनी पढ्नु मात्र नभई कार्यकर्ताहरूले माओ त्सेतुङको विचारलाई व्यवहारमा उतार्नु पनि हो भन्नुभयो । उहाँले नेपाल मजदुर किसान पार्टीको देश र जनताको सेवा गर्नुबाहेक अरू कुनै स्वार्थ नभएको बताउनुभयो । देशमा परिवर्तनको आधार भनेको जनताको चेतनामा निर्भर हुने भएकोले नेमकिपाले जनतालाई राजनैतिकरूपले सचेत गरी सांस्कृतिक स्तर उठाउने कार्य गर्दै आएको बताउनुभयो ।

नेपाल कर्मचारी समाजका अध्यक्ष जी.पी. लासिवाले महिलाहरू शिक्षित भएको देशको विकास छिट्टै हुने भएकोले महिलाहरूलाई प्रशिक्षित गर्नुपर्ने र पुँजीवादी व्यवस्थामा महिलाहरूको अत्यधिक शोषण हुने भएकोले त्यसको विकल्पमा समाजवादी व्यवस्था ल्याउन महिलाहरू सक्रिय हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा समाजसेवी बालमुकुन्द बासुकलाले कामगरी खाने जनताको राज्य सत्ताको लागि माओ त्सेतुङको जीवनी र लेख रचना अध्ययन गर्नुपर्ने बताउनुभयो । समाजवादी व्यवस्थामा कामदार जनताको हितबारे राजकुमार लघु र मुना बासुकलाले बताउनुभएको थियो । कार्यक्रम पश्चात् विभिन्न अतिरिक्त क्रियाकलाप विजयी महिलाहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

# चितवनमा स्तालिन र माओको जन्मदिवस मनाइयो




चितवन, १४ पुस । सर्वहारावर्गका महान् नेताहरू स्तालिनको १४५ औँ र माओको १३० औँ जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति चितवनको आयोजनामा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा चितवन जिल्ला अध्यक्ष हरिप्रसाद दुवालले सर्वहारावर्गको निम्ति स्तालिन र माओ त्सेतुङले आफ्नो जीवन अर्पण गर्नुभएको बताउनुभयो । उहाँले नेताहरूको जीवन सङ्घर्षबाट पाठ सिकेर कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउनु हरेक कार्यकर्ताको कर्तव्य हो भन्नुभयो । नेमकिपा नेपाली माटो सुहाउँदो समाजवादी राज्य व्यवस्था स्थापना गर्नको निम्ति निरन्तर राजनीतिक र सैद्धान्तिक सङ्घर्ष गर्दै आएको उहाँले बताउनुभयो ।

नेमकिपाका मोहन प्रजाले अध्ययनबिना व्यक्ति अपाङ्ग हुने बताउनुभयो । नयाँ कुरा सिक्न र अरूलाई बताउनको लागि आफूमा धेरै ज्ञान हुनुपर्दछ, उहाँले भन्नुभयो ।

उहाँले निरन्तर अध्ययनमार्फत स्तालिन र माओ विश्वका महान् क्रान्तिकारी नेताहरू बन्न सफल भएको हो भन्नुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ चितवनका जिल्ला अध्यक्ष ज्ञानेन्द्र प्रजाले असल कम्युनिस्टहरू आर्थिक समानतासहितको आर्थिक समृद्धि र विकासको निम्ति सङ्घर्ष गर्छन् भन्नुभयो । उत्पादनका मुख्यमुख्य साधनहरू सामाजिकीकरण, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम, कामअनुसारको ज्यालाको बन्दोबस्त गराउन कम्युनिस्टहरू सङ्घर्षशील हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा नेक्रामसङ्घका राजकुमार श्रेष्ठ, विद्यार्थी कृष्ण तामाङ, महिला सङ्घका लक्ष्मी चेपाङले पनि बोल्नुभएको थियो ।

# सहकारी संस्थाबिच हाजिरीजवाफ प्रतियोगिता

भक्तपुर १४, पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.को ३० औं स्थापना दिवसको अवसरमा शिक्षा उपसमितिको आयोजनामा अन्तर सहकारी हाजिरीजवाफ प्रतियोगिता संस्थाको तालिम हल खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले सहकारीमा आएको समस्या हामी सबै मिलेर समाधान गर्नुपर्ने बताउनुभयो ।

प्रतियोगिताका निर्णायक एवं संस्थाका सञ्चालक सदस्य राजन लाखाजुले बैङ्क तथा अन्य वित्तीय सङ्घ संस्था, सहकारीसम्बन्धी ज्ञान पनि विद्यार्थीहरूको पाठ्यक्रममा थपिँदै आएको अवगत गराउनुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका सचिव विष्णुप्रसाद दुमरुले सहकारी सिद्धान्त परिपालना नगरेका सहकारी संस्थाहरू समस्यामा परेको बताउनुभयो ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार क्रमशः छ्वोलेश्वर महादेव साकोस, लोकेश्वर साकोस, चण्डेश्वरी अजिमा साकोस र सिद्धि कृषि साकोसले जित्न सफल भएको थियो । कार्यक्रममा किरण बनमाला , रामहरि ताम्राकार र व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभयो ।

# पला: ख्वाय् पुस्तक विमोचन



कीर्तिपुर, १४ पुस । वनस्पति अनुसन्धान कचा हलिं नेवा: गुथि किपु कीर्तिपुरद्वारा वनस्पतिसम्बन्धी सङ्कलित ‘पला: ख्वाय्’ पुस्तक शनिबार एक समारोहबिच विमोचन भयो ।

पुस्तकको विमोचन वाग्मती प्रदेशमन्त्री पुकार महर्जन, हलिं नेवा: गुथिका संरक्षक शान्त प्रकाश श्रेष्ठ, लोककवि राजभाइ जकमि, संस्कृतिविद् प्रयागमान प्रधान, कवयित्री रजनी मिला, हलिं नेवा गुठीका अध्यक्ष विनोद महर्जन, वनस्पति अनुसन्धान कच किपु का अध्यक्ष प्रा.डा. धर्मराज डंगोलले संयुक्तरूपमा गर्नुभएको थियो ।

कार्यक्रममा हलिं नेवा: गुथिका संरक्षक शान्तप्रकाश श्रेष्ठले वनस्पतिसम्बन्धी नेपाल भाषाबाट पुस्तक प्रकाशित गर्नु नेपालभाषा विकासको क्षेत्रमा एक पाइला हुने बताउनुभयो ।

कवयित्री रजनी मिलाले नेपालभाषाबाट कविता, कथामात्र पुस्तक हुने ठाउँमा अब वनस्पतिसम्बन्धी लेख प्रकाशित हुनु देशको लागि महत्त्वपूर्ण हुने बताउनुभयो । हलि नेवा: का अध्यक्ष विनोद महर्जनले नेपालभाषाको पुस्तक देशकै गहना हुने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष प्रा.डा धर्मराज डंगोलको सभापतित्वमा भएको कार्यक्रममा संस्कृतिविद् प्रयोगमान प्रधानले विमोचित पुस्तकको समीक्षा गर्नुभएको थियो ।

कार्यक्रममा लोककवि राजभाइ जक:मि, शीलकुमारी महर्जन, जुजुभाइ महर्जनलगायतले बोल्नुभएको थियो ।

जुजुभाइ महर्जन, अमिता डंगोल, शीलकुमारी महर्जन र दिलकुमारी महर्जन सम्पादकमण्डल रहेको पुस्तकमा २३ वटा वनस्पतिसम्बन्धी लेख समावेश भएको छ ।



**मुग्लिन-नारायणगढ सडक खुल्ने पर्खाइमा यात्रु**

मुग्लिन-नारायणगढ सडक खण्डअन्तर्गत सडक विस्तारको क्रममा यातायात बन्द गरी भिर काटेर डाइभर्सन निर्माण गर्दा सडक खुल्ने पर्खाइमा मोटरसाइकलका यात्रु । दिउँसो १२ बजेदेखि ४ बजेसम्म दैनिक बन्द हुँदै आएको छ । एक महिनासम्म यातायात बन्द गरी भिर काटिनेछ । *तस्बिर : मिला दरै/रासस*

# कृषिमा देशलाई आत्मनिर्भर बनाउनुपर्नेमा नेमकिपाको जोड




भक्तपुर, १४ पुस । सूर्यविनायक नगरपालिका वडा नं.१० चितपोलस्थित उज्वल कृषि सहकारी संस्थाको आठौ वार्षिक साधारणसभाको नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले एक समारोहबिच शनिबार उद्घाटन गर्नुभयो ।

कार्यक्रममा थापामगरले नेपालमै रासायनिक मल कारखाना खोली कृषिमा आत्मनिर्भर बनाउन नेमकिपाले जोड दिँदै आएको बताउँदै, सत्तासीन पार्टीका नेताहरूको ध्यान कमिसनको चक्करमा लागेकोले रासायनिक कारखाना खोल्नतिर ध्यान भएको कुरा बनाउनुभयो । नेपालमा कृषि औजारकारखानालगायत अन्य सयौँ कारखाना समाप्त पारी नेपाली युवाहरू विदेशिन बाध्य भएको बताउनुभयो ।

उहाँले स्वदेशमै रोजगारको माग गर्दा गोली खानुपरेको कुरा बताउँदै प्यालेस्टिनी जनताले आफ्नो भूमि फिर्ता गराउन सङ्घर्ष गर्दा अमेरिकी कठपुती सरकारले हजारौँ महिला, बालबालिका, प्यालेस्टिनी जनताले नरसंहार गरेको विरुद्ध विश्वव्यापी विरोध भएको र नेपालमा नेमकिपाले विरोध गरिरहेको बताउनुभयो ।

उज्वल कृषि सहकारी संस्थाका अध्यक्ष सूर्यभक्त त्वातीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रधामन्त्री कृषि परियोजना भक्तपुरका नेतबहादुर धाानुका, सिद्धिकृषि सहकारीका चन्द्रकुमार सुवाल संस्थाका जस्मीन त्वातीले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका सचिव निर्भल माकले प्रगति प्रतिवेदन र कोषाध्यक्ष विष्णुप्रसाद सुवालले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा ज्येष्ठ पुरुष सदस्य रामबहादुर देउजा र ज्येष्ठ महिला सदस्य भवगती केसीलाई प्रमुख अतिथि अनुराधा थापामगरले सम्मान गर्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना भक्तपुरबाट प्राप्त विभिन्न कृषि सामग्रीहरू पनि वितरण गर्नुभएको थियो ।

कार्यक्रममा नृत्य पनि प्रस्तुत गरिएको थियो ।

# गुणस्तरीय सामान बिक्री वितरण गर्न जोड

भक्तपुर, १४ पुस । सर्वसुलभ उपभोक्ता सहकारी संस्था, कमलविनायकको नवौँ वार्षिक साधारणसभा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले हरेक सहकारी संस्थाले सदस्यको विश्वास जित्नसके मात्र सहकारी संस्थाले प्रगति गर्नसक्ने बताउनुभयो । सहकारी संस्थाहरूले आफ्नो उद्देश्यअनुसार समाजको सेवा गर्नुपर्ने उल्लेख गर्दै उहाँले निजी व्यापार व्यवसायभन्दा सामूहिक कामलाई जोड दिनुपर्ने बताउनुभयो ।

उपभोक्ता सहकारी पसलले उपभोक्ताको हकहितको पनि ख्याल राख्नुपर्ने गुणस्तरीय सामान र मिसावट नभएको सामान बिक्री वितरणको लागि सचेतना फैलाउने काम गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय सहकारी महासङ्घका सञ्चालक एवं उपभोक्ता सहकारी केन्द्रीय सङ्घका अध्यक्ष टेकप्रसाद चौलागाईले सर्वसुलभ उपभोक्ता सहकारीले उद्देश्यअनुसार उपभोक्ताहरूलाई सेवा प्रदान गर्दै आएकोले महासङ्घको तर्फबाट सहकारी पसलको मान्यता प्रदान गरी पुरस्कार स्वरूप अनुदान उपलब्ध गराइएको कुरा स्मरण गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं.१० का वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले सम्पदा संरक्षण र पर्यटन विकासमा भक्तपुर नगरपालिकाले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो । भक्तपुर नगरपालिका वडा नं.८ का वडा अध्यक्ष कृष्णप्रसाद कोजुले सहकारी संस्थाहरू सहकारी मूल्य मान्यता र सिद्धान्तअनुसार नचलेको संस्थालाई विश्वास गर्न नहुने बताउनुभयो ।

संस्थाका सल्लाहकारहरू कृष्णभक्त लवजु, कृष्णगोविन्द लाखाजु र राजेन्द्र दुमरुले पनि बोल्नुभएको थियो । संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद लाखाको सभापतित्वमा सञ्चालन भएको उक्त सभामा स्वागत उपाध्यक्ष बद्रीप्रसाद माक र धन्यवाद सहसचिव शिवराम साँदले गर्नुभएको थियो । सचिव गणेशराम मुस्याखवले प्रगति प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन संयोजक मिजरत्न शाक्यले र कोषाध्यक्षको प्रतिवेदन सनिता त्वानाबासुले प्रस्तुत गर्नुभएको थियो ।

# स्तालिन र माओको योगदानबारे चर्चा

भक्तपुर, १४ पुस । नेपाल मजदुर किसान पार्टी चाँगु २ वडा एकाइ समितिको आयोजनामा चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट, झौखेल पिपलबोट गेटमा शनिबार स्तालिनको १४५ औँ र माओ त्सेतुङको १३० औँ जन्मदिवस मनाइयो । कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष एवं जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले रुसमा स्तालिन र माओले गरेको योगदानबारे जानकारी दिँदै हुनान किसान आन्दोलनको महत्त्वबारे चर्चा गर्नुभयो ।

स्थानीय गणेशराम सुवालले चीनमा मञ्चु सरकारले जनतामाथि गरेको अन्याय अत्याचारको विरोधमा माओले समाजवादी गणतन्त्र स्थापनाको निम्ति गरेको आन्दोलनको चर्चा गर्नुभयो ।

गोविन्दराम सुवालको सभापतित्वमा भएको उक्त सभामा किसान सङ्घका नेत्रबहादुर थापा, पर्शुराम गिरी, युवा सङ्घका रोजित मुलेपतिलगायतले बोल्नुभएको थियो । भेलाले गोविन्दराम सुवालको अध्यक्षतामा नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगु २ वडा एकाइ गठन गर्‍यो ।

# आठबिसको नगरमा माओ दिवस

दैलेख, १४ पुस । नेपाल मजदुर किसान पार्टी आठविस नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको १३० औँ जन्म दिवस कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति दैलेखका सदस्य शेरबहादुर विकले विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको नेतृत्वमा चीनमा कामदारवर्गको मुक्ति भएको बताउनुभयो । चिनियाँ कामदार जनतालाई सचेत र सङ्गठित गराई माओले शोषणको अन्त्यका लागि क्रान्ति सम्पन्न गर्नुभएको बताउँदै उहाँको योगदानबाट सीको नेपालमा पनि कामदारवर्गलाई सचेत गराई मुक्ति दिलाउनु नेमकिपाका कार्यकर्ताहरू कर्तव्य हो भन्नुभयो ।

कार्यक्रममा नेमकिपा आठविस नगर समितिका अध्यक्ष जयबहादुर बडुवालले माओको सङ्घर्षशील भावनाबाट चिनियाँ जनताको मुक्ति भयो । उहाँले नेपालमा समाजवादी क्रान्तिलाई सम्पन्न गर्न नेमकिपाका कार्यकर्ताहरू निरन्तर सङ्घर्ष गर्नुपर्छ भन्नुभयो । कार्यक्रममा आठविस नगरपालिका वडा नं. ८ का पार्टी वडाध्यक्ष रामबहादुर बडुवाल, वडा नं. ७ का पार्टी वडाध्यक्ष रणबहादुर काठायत र नरबहादुर सिजापतिले बोल्नुभएको थियो ।

## । सम्पादकीय ।

# ‘साम्यवाद’ बारेको छलफल चालु राखौँ !

नेपालमा केही मानिसहरू ‘साम्यवाद’ वा कार्ल मार्क्सलाई मान्छन् र ‘साम्यवाद’ शब्द नै नकारात्मक हुन्छ र मजदुर, किसान तथा कम्युनिस्ट कार्यकर्ताले हिजोअस्तिमात्रै झगडा गर्न बनाएको शब्दको रुपमा लिन्छन् । यसकारण, केही शासनमा बसेका नेताहरू ‘कम्युनिस्ट’ वा ‘साम्यवादी’ शब्द सुन्दैमा पनि घृणाले आफ्नो मुख बिगार्छन् ।

‘साम्यवाद’ (कम्युनिज्म) शब्दलाई ग्रीसेली राजनैतिक वैज्ञानिक प्लेटोले पहिलोपटक चचार्मा ल्याएका थिए । प्लेटोको जन्म ईसापूर्व ४२७ मा भएको थियो । उनले क्राइष्टभन्दा ४ सय वर्ष पहिले ‘गणतन्त्र’ (रिपब्लिक) लेखेका थिए । उनलाई त्यसबेला ग्रीसेलीहरू प्रकाण्ड विद्वान सम्झिन्थे । उनी नैतिकता र ऐननियममा जोड दिन्थे । ग्रीसको तत्कालीन प्रजातन्त्रबाट उनी पीडित थिए । त्यसकारण, उनी दार्शनिक राजाको पक्षमा थिए । उनका गुरु सोक्रेटस (सुकरात) लाई त्यहाँको प्रजातन्त्रमा युवाहरूलाई गलत शिक्षा दिएको आरोपमा विष खुवाएर मार्ने ज्यान सजाय दिएको थियो । प्लेटोले वार्तालापको शैलीमा लेखेको ‘रिपब्लिक’ (गणतन्त्र) आजको अर्थमा नभई त्यसबेला ‘संविधान’, ‘राज्य’ र ‘समाज’ को अर्थमा लिइन्थ्यो । त्यसबेला ग्रीसेली समाजमा दासप्रथा थियो । ग्रीसेलीहरू दासहरूविनाको समाजको कल्पना गर्दैनथे । उनीहरू महिलाहरूलाई पनि सामूहिक सम्पत्तिको रूपमा हेर्थे ।

उनी ग्रीसेली समाजमा शासकहरू दुई जातिको रूपमा कल्पना गर्थे; लडाकु र सेनाको छुट्टै बन्दोबस्त आवश्यकता अनुभव गर्थे । साथै उत्पादन गर्ने ‘किसान’ र ‘मजदुर’ हरूको फरक ढङ्गले राख्ने कल्पना गर्थे । उनले त्यस समाजलाई ‘कम्युन’ भन्ने नाम जुराए । (नेपालको सन्दर्भमा २०१५ सालको पहिलो महानिर्वाचनमा नेपाली काङ्ग्रेसका नेता गणेशमान सिंहले ‘कम्युन’ लाई ‘दाल-भात, तरकारी अरू सबै सरकारी’ भनी नाम दिएका थिए ।) २०१५ सालमा चीनमा पनि मुक्तिसँगसँगै ‘आपसी सहयोग दल’ ‘प्राथमिक सहकारी’, ‘अगाडि बढेको सहकारी’ हुँदै ‘जनकम्युन’ को रूपमा विशाल गाउँले इलाकामा उत्पादनमा ठुलो वृद्धिका साथै नयाँ बन्दोबस्त गरिएको थियो ।

बेलायतका अर्का विद्वान थोमस मोर (Thomas More) ले पनि कल्पनालोक (UTOPIA) लेखेर बौद्धिक संसारमा नयाँ हलचल ल्याएका थिए । थोमस मोर (१४७०-१५३५) अर्थात् सोन्हौँ शताब्दीमा प्लेटोको भन्दा फरक ढङ्गले ‘साम्यवाद’ (कम्युनिज्म) को पुस्तक प्रकाशित गरे । त्यसपछि उनले युरोपका विभिन्न देशमा अनेक प्रकारका ‘साम्यवादी’ समाजको कल्पना गर्न थाले ।

त्यस समाजमा उत्पादनको प्रचुरता हुन्छ । (त्यसैले मात्र हरेक व्यक्तिले आवश्यकताअनुसार वितरण पाउनेछ ।

उनले थपे, “चोरलाई मृत्युदण्ड दिँदैमा चोरी घट्ने छैन, किनभने चोरी गर्नुपर्ने परिस्थिति नै दोषी हो । त्यस परिस्थितिलाई बदल्नु आवश्यक छ ।”

सोन्हौँ शताब्दीमा बेलायतमा पनि प्लेटोले जस्तै दास र भूदासहरूको मुक्तिको कल्पना गरेका थिएनन् । सन् १६४० भन्दा पहिले गेराल्ड विन्लिसलीले बेलायती पुँजीवादी क्रान्तिको पहिले नै ‘जोताहाहरू’ को ‘साम्यवाद’ को कल्पना गरेका थिए । सेन्ट जोर्जी (St. zeorge) को पर्वतमा उनले एक साम्यवादी समाजको स्थापना गर्न खोजेका थिए ।

त्यस्तै फ्रान्सेली समाजवादी माब्लीको विचारमा राज्य सार्वभौम मालिक भएको हुँदा हरेक नागरिकलाई उसको आवश्यकताअनुसार पुऱ्याउनु आवश्यक छ ।

फ्रान्सेली सामाजिक सम्झौताका सिद्धान्तका एक दार्शनिक रुसो (१७१२-७६) ले माब्लीलाई एक सशक्त साम्यवादी मान्थे ।

त्यसो त जिसस क्राइष्टले पनि नयाँ समाजको कल्पना गरेका थिए । उनी भन्थे, “त्यस समाजमा कसैले पनि आफ्नो सामान आफ्नो व्यक्तिगत हुनेछैन किनभने तिनीहरूसँग भएका सबै वस्तु साझा भइसकेको हुन्छ । हरेक व्यक्तिलाई उसको आवश्यकताअनुसार वितरण गरिनु आवश्यक छ ।”

साम्यवादबारे देशविदेशमा छलफल चालु राखौँ ।

# संस्कृति मन्त्रीको गैरजिम्मेवार अभिव्यक्ति : धार्मिक द्वन्द्व निम्तिने खतरा

✍ विवेक

पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती अहिले विवादमा परेका छन् । क्रिश्चियन समाजले आयोजना गरेको एउटा कार्यक्रममा बोलेको विषयलाई लिएर मन्त्री किराँती विवादित बनेका हुन् । उनले भनेका थिए, “क्रिश्चियन मान्दिनँ भन्नु संविधान नमान्नु हो । संविधान मान्दिनँ भन्नेहरू देशद्रोही हुन् । यदि कसैले देशद्रोह गर्छ भने त्यसलाई हतकडी लगाई जेलमा हाल्दिने हो ।”

मन्त्री वा उच्चपदस्थ व्यक्तिहरूको अभिव्यक्ति सन्तुलित हुनुपर्छ । जो अगाडि छ, उसलाई रिझाउने कुरा गर्दा त्यहाँ अर्को पक्ष पनि छन् भने बिर्सनु हुँदैन । हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता भएको नेपालमा क्रिश्चियन धर्म नमान्नेहरू जति ‘संविधानविरोधी र देशद्रोही’ भन्नु मन्त्री किराँतीको राजनैतिक अपरिपक्वता र बालापन नै हो भन्दा फरक पर्नेछैन । किनभने, उनले संविधानमा उल्लेख भएको धर्म निरपेक्षताको अर्थ राम्रोसँग नबुझेकै देखिन्छ ।

२०६५ साल जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले नेपाललाई धर्म निरपेक्ष र सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । सङ्घीयताबारे पटक पटक छलफल भए पनि धर्म निरपेक्षताबारे तत्कालीन आन्दोलनरत सात दलबिच व्यापक छलफल नभएको सात दलमा सहभागीहरू नै बताउँछन् ।

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले संविधानसभाको पहिलो बैठकमा पाँचबुँदे घोषणा वाचन गर्दै भनेका थिए, “सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजकै मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ ।”

संविधानसभामा त्यतिबेला ५६४ सांसदहरूको उपस्थिति थियो । राप्रपा नेपालका ४ सांसदबाहेक सबैले गडगडाहत टेबुल ठटाएर समर्थन गरे र पाँचबुँदे घोषणा उपस्थित सभासदहरूको अत्यधिक बहुमतले पारित गर्‍यो । तर, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ‘धर्म निरपेक्षता’ को विषय संविधानसभामा पेस हुँदा ‘झसङ्ग’ भएको र उनी त्यसबारे मौन बसेकोमा त्यतिबेला चर्चाको विषय बनेको थियो ।

नेपाली काङ्ग्रेस सुरुमा गणतन्त्रमा जान पनि तयार थिएन, माओवादीले गिरिजाप्रसाद कोइरालालाई नेपालको प्रथम राष्ट्रपति बनाउने आश्वासन दिएपछि मात्रै काङ्ग्रेस गणतन्त्रमा जान तयार भएको काङ्ग्रेसी नेताहरू नै बताउँछन् । काङ्ग्रेसका नेताहरू अहिले पनि हिन्दू राष्ट्रको कुरा बेलाबखत उठाउने गर्छन् । नेपालमा हिन्दू समुदाय धेरै भएको हुँदा जनमत आफूतिर आकर्षित गर्न त्यस्ता विषयहरू उठाउने गरेको देखिन्छ ।

धर्म निरपेक्षताको अर्थ राज्यले कुनै धर्मको पक्ष लिँदैन भन्नु हो । राज्य धर्मको मामिलामा तटस्थ बस्नु नै धर्म निरपेक्षता हो । नागरिकहरू आआफ्नो आस्थाअनुसारको धर्म मान्न स्वतन्त्र हुन्छन् । नेपालको संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकमा भनिएको छ, “धर्ममा आस्था राख्ने प्रत्येक नागरिकलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।”

मन्त्रीजीको भनाइअनुसार क्रिश्चियन नमान्नेहरू कसरी संविधानविरोधी र देशद्रोही हुन्छन् ? अलि होस् पुऱ्याएर बोलेको भए मन्त्रीजी विवादमा पर्ने थिएनन् । हो, कम्युनिस्टहरू धर्मलाई आस्थाको विषय मान्छन् । मन्त्रीजस्तो सार्वजनिक ओहदामा बस्ने व्यक्तिले संविधान, कानुनको परिधिभित्र बसेर बोल्नुपर्थ्यो ।

सन् १९९२ मा भारतको उत्तर प्रदेशमा बाबरी मस्जिद काण्ड भयो । त्यहाँ विश्व हिन्दू परिषद्का कार्यकर्ताहरूले रामको जन्मभूमिको दाबी गर्दै राम मन्दिर बनाउन मस्जिद भत्काए । भारतीय जनता पार्टीले त्यसलाई साथ दिए । भाजपाका नेता लालकृष्ण आदवाणीको नेतृत्वमा त्यहाँ राम रथयात्रा पनि गरे । लाखौँ जनता सहभागी रथ यात्रा र त्यसपछि भड्केको दङ्गामा हजारौँ मान्छेले ज्यान गुमाए । हिन्दू मुस्लिमबिचको त्यो द्वन्द्व भारतीय अदालतसम्म पुग्यो । भारतीय जनता पार्टी भारतमा रहेका हिन्दुहरूलाई धर्मको माध्यमबाट एकीकृत गर्न चाहन्थ्यो । त्यसैको परिणाम सन् १९८९ मा भएको निर्वाचनमा राजीव गान्धीद्वारा नेतृत्व गरिएको भारतीय काङ्ग्रेस नराम्ररी पराजित भयो भने भारतीय जनता पार्टी दुई सीटबाट ८८ सीट जित्न सफल भयो । अहिले भारतीय जनता पार्टी नरेन्द्र मोदीको नेतृत्वमा बहुमतका साथ सरकार चलाइरहेको छ । धेरैजसो प्रान्तीय सरकारमा पनि भाजपाले बहुमत प्राप्त गरी सरकार चलाइरहेको छ । धार्मिक द्वन्द्व र त्यसको परिणाम कस्तो हुन्छ भन्ने त्यो एक उदाहरण हो ।

केही समयअघि धरानमा पनि झण्डै त्यस्तै घटना घट्ने सम्भावना देखिएको थियो । केही क्रिश्चियन धर्मावलम्बीहरूले हिन्दुहरूको मन्दिरसँगै चर्च निर्माण गर्न लागे । त्यहाँ विवाद बढ्दै गयो । थप हिन्दू मन्दिरसँगै गाई काटेको समाचार पनि आयो । कति हिन्दू धर्मका पक्षपातीहरू हतियारसहित ऱ्याली गर्न आह्वान गर्न पुगे । तत्काल त्यहाँका जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी र विभिन्न सङ्घ संस्थाले शान्ति र सद्भाव ऱ्यालीको आयोजना गरी द्वन्द्व व्यवस्थापन नगरेको भए घटनाले अर्कै रूप लिने प्राय: निश्चित थियो । धन्न ! त्यसबाट धरानमात्रै होइन देश नै धार्मिक द्वन्द्वमा जानबाट रोकियो । विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सले ‘धर्म अफिम हो’ भनेर त्यतिकै भन्नुभएको होइन होला ।

पश्चिमा देशहरू धर्मकै माध्यमबाट नेपालमा आफ्नो प्रभाव विस्तार गर्न खोज्दै छन् । नेपाल पश्चिमाहरूको दबाबमा धर्म निरपेक्ष राज्य घोषणा भएको बारे कुनै शङ्का छैन । धर्म निरपेक्षताबाट सबैभन्दा बढी कोही खुसी छन् भने ती पश्चिमा देशकाहरू नै छन् । अहिले गाउँ, सहर जताततै चर्चहरू निर्माण गर्दै धर्म परिवर्तन गराउँदै गरेको पाइन्छ । नेपालको संविधानले ‘कसैले धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पार्ने काम गराउन’ निषेध गरेको छ । त्यस्तो गर्नेलाई कानुनबमोजिम दण्ड गर्ने पनि व्यवस्था संविधानमा छ ।

ग्रामीण क्षेत्रहरूमा पैसा वा विभिन्न किसिमका सुविधाको लोभ देखाएर धर्म परिवर्तनका काम बेरोकतोक भइरहेका छन् । विशेषगरी आर्थिकरूपमा पछाडि परेका र दलित समुदाय त्यसप्रति आकर्षित भएको देखिन्छ । अधिकांश क्रिश्चियन धर्मावलम्बीहरूले गएको संसदीय निर्वाचनमा स्वतन्त्र पार्टीलाई मतदान गरेको भन्ने सार्वजनिक भयो । नेपालमा चर्चा नै स्वतन्त्र पार्टीको सङ्गठन भन्नेहरूको पनि कमी छैन । तर जे होस्, चर्चहरूमार्फत पश्चिमा देशहरूले आफ्नो प्रभाव क्षेत्र बढाउँदै लगेको भन्ने साँचो हो । यसले नेपाल धार्मिक द्वन्द्वमा फस्ने खतरा क्रमश: बढ्दै छ ।

नेपाल बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक भएको देश हुँदा सबै धर्म र जातिलाई राज्यले सन्तुलनमा राख्न आवश्यक हुन्छ नत्र द्वन्द्वकै कारण देशको अस्तित्व सङ्कटमा पर्न सक्छ । धेरै धर्म, भाषा र संस्कृति हुनु पनि सम्पन्नता हो । राज्यले त्यसलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै संरक्षण गर्ने नीति लिनुपर्छ । एउटालाई प्राथमिकता दिएर अर्कोलाई बेवास्ता गर्ने बित्तिकै त्यहाँ अकल्पनीय घटना घट्न सक्ने सम्भावना हुन्छ । धर्मजस्तै जातीय द्वन्द्व पनि त्यतिकै खतरनाक हुन्छ । अफ्रिकी देश रुवान्डा त्यसको एक उदाहरण हो ।

सन् १९९० मा रुवान्डामा हुतु र तुत्सी जातिबिच द्वन्द्व भयो । हुतुहरू बहुमत भएको त्यस देशमा उनीहरूको गरिबी र दु:खको कारण तुत्सी जाति भएको प्रचार गरियो । जातीय सफायाको आन्दोलन चलाइयो । हुतुहरूलाई फ्रान्सको साथ थियो ।

शिक्षकले विद्यार्थी, चिकित्सकले बिरामी र नवजात शिशुको हत्या गर्ने, गिरिजाघरमा जम्मा भएकाहरूलाई पादरीहरूले सामूहिक हत्या गर्न थाले । शिक्षक, प्राध्यापक, बद्धिजीवी सबै त्यस द्वन्द्वमा सहभागी भएका थिए । १ वर्षमा झण्डै १० लाख नागरिकहरूको द्वन्द्वमा मारिएको बताइन्छ । करिब १ करोड जनसङ्ख्या भएको उक्त देशमा एकै वर्ष १० प्रतिशत जनसङ्ख्या हत्या हुनु इतिहासकै नराम्रो घटना थियो । यसमा पनि धार्मिक द्वेष फैलाइएको थियो ।

मन्त्री किराँती एउटा जातिबाट आएको भए पनि मन्त्री सार्वजनिक पद हो । सार्वजनिक पदमा बस्नेहरूले सबै नागरिकलाई समान व्यवहार गर्नुपर्ने हुन्छ । एक सामान्य नागरिकले झैं स्वतन्त्र अभिव्यक्ति दिँदा विवादमा परिन्छ । धर्म निरपेक्ष राज्यमा राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरू मन्दिर मन्दिरमा गएर टीका लगाउने र फूलमाला लगाएर प्रसाद ग्रहण गर्ने गरेको दृश्यलाई पनि नेपाली जनताले आलोचनात्मक दृष्टिले हेर्दै छन् ।

अहिले मन्त्री किराँतीको विरुद्ध नाराबाजी गर्दै सडकमा उत्रेकाहरूले उनको राजीनामासमेत माग्न थालेका छन् । प्रचण्ड नेतृत्वको सरकार एक वर्ष पुग्न लागेकै बेला मन्त्रिमण्डलमा हेरफेर गर्ने सङ्केत पनि दिइँदै छ । साँच्चै मन्त्रिमण्डल पुनर्गठन हुने भए संस्कृति मन्त्रीको पद जाने प्राय: निश्चित देखिन्छ । किनभने, पुनर्गठित मन्त्रिमण्डलमा किराँतीको नाम समावेश भएमा अहिले आन्दोलन गर्नेहरूले प्रचण्डकै विरुद्ध आन्दोलन गर्ने सम्भावना रहन्छ । जिम्मेवार पदमा बस्नेहरूले सस्तो लोकप्रियतामा भन्दा जनताको समस्यातिर ध्यान दिनु उचित हुनेछ ।

सन्दर्भ

\- अम्बिका

# नागरिक भावना आवश्यक

सन्दर्भ विद्यालय, कार्यालय र सङ्घ/संस्थामा श्रम गर्ने, सबैभन्दा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आया दिदी, कार्यालय सहयोगीहरूको हो । के विद्यालय, कार्यालय, सङ्घ संस्थामा कार्यरतलाई महत्त्वका साथ हेरिएको छ त ? विद्यालयमा कार्यरत आया दिदीहरूले स-साना विद्यार्थी नानीहरूलाई दैनिकरूपमा टिफिन ख्वाउँदा होस् या पकाउँदा, पस्किँदा सरसफाइमा कतिको ध्यान दिएको छ त ? उहाँहरूले दैनिकरूपमा काम गर्दा रेखदेख गर्ने विद्यालय प्रशासनले निरीक्षण, अवलोकन र पृष्ठपोषण भएको छ कि छैन ? अबोध नानीहरूलाई सरसफाइप्रति ध्यान नदिई स्वास्थ्य समस्या आउँदा को जिम्मेवार हुने ? विद्यालयका शिक्षक अथवा अभिभावक ? यस्ता संवेदनशील विषयलाई लिएर विद्यालयको नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षक, आया दिदी र स्वयम् प्रअ जिम्मेवार हुनुपर्ने देखिन्छ । साँच्चै विद्यालय तथा कार्यालयहरूमा पाहुना आउने बेलामा कार्यालय सहयोगीले तातोपानी र चियाले स्वागत गरेको हुन्छ । हेर्दा पानी त हो नि जस्तो भए पनि गिलास सफा छ कि छैन, पानी तातेको हो या होइन, हत्तार भयो भनेर अलिकति तातो पानीमा चिसो पो मिसायो कि ? सफा भएन भने पानी खाने व्यक्तिको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने हुन्छ । पेटको खराबीले यस्तै गरी स-साना नानीहरूमा पेटमा जुगा पर्ने, झाडापखालाजस्ता सरुवा रोगबाट पीडित भई सिकाइमा समेत समस्या हुन्छ । स्वच्छ र सरसफाइले नै स्वस्थ जीवन जिउन सहज हुन्छ ।

यस विषयमा विद्यालय, कार्यालय र सङ्घसंस्थामा काम गर्ने साथीहरूमात्र दोषी पक्कै होइन । उहाँहरूलाई सरसफाइ के हो ? कसरी सरसफाइलाई नियमित गर्न सकिन्छ भन्ने विषयमा बेलाबेलामा तालिम सञ्चालन गर्न आवश्यक देखिन्छ । पानी फोहर भए कस्ता कस्ता किटाणु हुन्छन् भन्ने कुरा माइक्रोस्कोपबाट थाहा हुन्छ । सरसफाइ गर्दा पञ्जा लगाउने, मास्क लगाउने, एप्रोन लगाउने, हात धुने र पुछ्ने, पाहुना सत्कार गर्ने तरिका आदि विषयमा तालिम सञ्चालन आवश्यक छ ।

कर्मचारी साथीहरूलाई वर्गीय चेतना तथा देश र जनताले भोग्नुपर्ने विषयबारे सुसूचित पार्नुपर्छ । एक अर्कामा सहयोगको भावना, सामूहिक भावना, देशप्रतिको माया, सङ्घ सस्थाप्रतिको उत्तरदायित्वबारे चेतना अभिवृद्धि गर्ने गराउने विषयमा हामी सबैले ध्यान दिनुपर्दछ ।

# रोजगारी माग्दा युवाहरूको हत्या हुनु विडम्बनापूर्ण

लाग्छ, अब घर, घर रहेन
पिँजडा भयो
उडौँ सरकारले मार्छ,
*नउडौँ गरिबीले मार्छ ।*

दक्षिण कोरियामा श्रम गर्न पठाउने ईपीएसको कार्यालयले जहाज निर्माणको कार्यको लागि परीक्षा दिएका विद्यार्थीहरूले उत्पादनमूलक कार्यका लागि फाराम भर्न नपाउने निर्णयपछि पुस १ गते परेको रिटमा सर्वोच्च अदालतले रिट निवेदक १८ जनाको पक्षमा पुस १० गते फैसला गऱ्यो । तर, सोही प्रकृतिका बाँकी हजारौँ युवाहरूलाई फाराम भर्नबाट वञ्चित गरिएपछि परीक्षाबाट वञ्चित बेरोजगार युवाहरूले सबै विद्यार्थीहरूको तर्फबाट १२ गते पुन: रिट दर्ता गरेका थिए ।

ईपीएसको कार्यालयले १८ जनालाई प्रहरीको सुरक्षा घेरामा फाराम भर्ने व्यवस्था मिलाइने र बाँकीको हकमा आफू जिम्मेवार नहुने भनेपछि पीडित सबै युवा विद्यार्थीहरूले शान्तिपूर्ण सडक सङ्घर्ष गर्ने निर्णय गरे । कुरा पुस १३ गतेको हो, बालकुमारीदेखि ग्वार्को चोक एरियामा बिहान १० बजेबाट सुरु भएको युवा - विद्यार्थी विरोध प्रदर्शन ईपीएस परीक्षामा सामेल हुन पाऊँ भन्ने मागका साथ शान्तिपूर्ण तरिकाले अगाडि बढिरहेको थियो ।

प्राइमएचडी रिपोर्टर सबिना कार्की र मुनलाइटएचडी टीभीका समाचारदाताका अनुसार उहाँहरूसँग सङ्कलित भिडियो फुटेज र प्रत्यक्षदर्शीको भनाइले यो कुरा पुष्टि गर्छ कि मन्त्री प्रकाश ज्वालाको गाडी जलाउनुपूर्व नै दैलेख रानिवनका युवा सुजन रावतलाई प्रहरीले बन्दुकको पछिल्लो भागले हानेर निर्मम हत्या गरिसकेको थियो । तर, विडम्बना ! प्रहरी प्रशासनले गाडीमा आगजनी भएपछि प्रहरी बाध्य भएर त्यो घटना घट्न गएको भनी भ्रम सृजना गऱ्यो । भीडलाई तितरबितर पार्न गोली नचलाइएको तर अश्रुग्यास र लाठी चार्ज मात्रै गरिएको भन्ने झूटो सूचना सम्प्रेषण भयो । बझाङको बुङ्गल नगरपालिका ७ मैनीवडारका युवक पुरन सिंह बोहराको झोलाभित्र रहेको मोबाइलमा गोली लागेर ज्यान जोगिएको यथेष्ट प्रमाणहरू सङ्कलित छन् ।

सर्वोच्च अदालतले फैसला गर्न ढिलाइ हुँदा यस्तो परिस्थिति निम्तिएकोले अदालत पनि उत्तिकै दोषी भएको बुद्धिजीवीहरूको भनाइ छ । सरकारले आफ्नो कमजोरी लुकाउन र गल्ती ढाकछोप गर्न ललितपुर जिल्लाको सीडीओ, प्रहरी प्रमुख र ईपीएस प्रमुखलाई कारबाही गरिएको र मृतकलाई १०/१० लाख क्षतिपूर्ति दिने निर्णयले देशमा सरकारले जे गरे पनि हुन्छ भन्ने सन्देश गएको छ । युवालाई स्वदेशमै रोजगार दिनु त कता हो कता परदेशमा गएर परिवारको पेट पाल्छु, ऋण तिर्छु, दरसन्तान पढाउँछु र देशलाई रेमिटेन्स पठाउँछु भनेर आफ्नो अधिकारको सदुपयोग गर्दा त्यही जनताको रगतपसिना खर्चेर तिरेको करले किनेका बन्दुक र गोली तिनै जनताका छोराछोरी मार्न प्रयोग हुनु निन्दनीय छ ।

***रुदाने चेत, दैलेख***
***हाल काठमाडौँ***



पाठक पत्र

majdurdaily@gmail.com

# माओ त्सेतुङ विचारधाराको सार– एक दृष्टि

✍ समा

अध्यक्ष माओ त्सेतुङ भन्नुहुन्थ्यो, "जनताको सेवा गर ।" यो केवल एउटा भनाइ होइन चिनियाँ कम्युनिस्ट पार्टीको उद्देश्य र प्रत्येक पार्टी कार्यकर्ताहरूको जीवनपद्धति या व्यवहार बन्यो । करोडौं करोड चिनियाँ जनताको निम्ति महत्त्वपूर्ण मार्गदर्शन बन्यो । चिनियाँ क्रान्तिको ऊर्जा बन्यो । आज चीनमा विद्यालयदेखि विश्वविद्यालयका भित्ताहरूमा मात्र होइन नयाँ पुस्ताको हृदयहृदयमा "जनताको सेवा गर" भन्ने विचार सल्बलाइरहेको पाइन्छ । अध्यक्ष माओको विचारको आभा चीन र चिनियाँ जनताले आज पनि तेजिलो महसुस गर्दै छन् ।

अध्यक्ष माओको विचारबाट दीक्षित क्रान्तिकारी किसान र मजदुरहरूकै बलमा चीनको भूमिमा जापानी उपनिवेशविरुद्धको देशभक्तिपूर्ण सङ्घर्ष तथा समाजवादी क्रान्ति सफल भएको हो । समाजवादी व्यवस्था निर्माणको सुरुआती महत्त्वपूर्ण चरणमा अध्यक्ष माओको शिक्षा या विचार कति सशक्त थियो भन्नेबारे आजको विश्व चर्चा चालु राख्दै छ । अध्यक्ष माओको विचार विश्व कम्युनिस्ट आन्दोलनको निमित्त महत्त्वपूर्ण शिक्षा हो भने आजको शक्तिशाली चीन त्यही वैचारिक आधारशिलामा उभिएको छ । अध्यक्ष माओको विचार, जीवनदर्शन, नेतृत्वकौशल तथा व्यवहारको उपज हो आजको चीन । चीनको भूमिमा माओ विचारधारा मार्क्सवाद, लेनिनवादको माटो सुहाउँदो या व्यावहारिक प्रयोग हो भनी स्वयम् अध्यक्ष माओले भन्नुभएको छ । उहाँले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व कसरी गर्नुभयो ? सरल किसानहरूलाई कसरी कम्युनिस्ट बनाउनुभयो ? सेना, कार्यकर्ता र पार्टी नेतृत्वलाई उहाँले कसरी तालिम दिनुभयो ? अध्यक्ष माओ र उहाँको विचारधाराको अध्ययन गर्दा उठ्ने जिज्ञासाहरू हुन् यी । यी जिज्ञासा उहाँकै रचनाहरूबाट मेटिन्छ । पुस्तक 'Selected Readings from the works of Mao Tsetung' अध्यक्ष माओको विचार र कार्यशैली बुझ्न सघाउने महत्त्वपूर्ण कृति हो ।




माओको जन्मदिवसको अवसरमा उहाँका रचनाहरूबारे चर्चा गर्नु अझ बढी सामयिक होला । 'माओका सङ्कलित रचनाहरू'को यस भागमा चिनियाँ समाजको वर्ग विश्लेषणदेखि हुनान किसान आन्दोलनका किस्साहरू छन् । देशको मुक्ति आन्दोलनदेखि समाजवादी क्रान्तिका केही चरणहरूको जानकारी छ । सामन्तवादी समाजदेखि समाजवादी समाज व्यवस्था निर्माणको दौरानमा भएका सैद्धान्तिक तथा वैचारिक सङ्घर्षका अध्यायहरू छन् । विश्वलाई हेर्ने दृष्टिकोण पुस्तकमा छ । सबैभन्दा महत्त्वपूर्ण यस भागमा पार्टी सङ्गठन, नेतृत्व, कार्यकर्ता, अध्ययन, व्यवहार र पार्टी अनुशासनबारे अध्यक्ष माओको धारणा सङ्ग्रहित छ ।

देशभित्र र बाहिरका वैचारिक विरोधाभाषहरूको गाँठो सुल्झाउन अध्यक्ष माओ कति पोख्त हुनुहुन्थ्यो भन्ने थाहा पाउन यो पुस्तक नपढी हुन्न । क्रान्ति र निर्माणका लागि चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका नै चीनको गर्विलो इतिहास हो भन्ने महसुस गराउँछ यस कृतिले । तत्कालीन समयको राष्ट्रिय सङ्घर्षमा कम्युनिस्ट पार्टीको भूमिका जापानी उपनिवेश र साम्राज्यवादीहरूलाई लखेटेर नयाँ चीन निर्माण गर्नु मात्र होइन चीनमा जरा गाडेर बसेको सामन्तवादी व्यवस्थालाई निर्मूल पार्नु पनि थियो । समाजवादी अर्थात् कम्युनिस्ट आन्दोलन नै चीनको मुक्ति मार्ग हो भन्ने तय भइसकेपछि प्रतिक्रियावादीहरूले चिकपातिर 'देशभक्ति कि अन्तर्राष्ट्रवाद ?' भन्ने प्रश्न तेर्साए । एक जना कम्युनिस्ट जो अन्तर्राष्ट्रवादी हुन्छन्, के उनी देशभक्त हुनसक्छन् ? अध्यक्ष माओले जवाफ दिनुभयो, "एकजना अन्तर्राष्ट्रवादी कम्युनिस्ट देशभक्त हुनु अनिवार्य छ ।" जापानी आक्रमणकारीहरूले भनेको देशभक्ति या हिटलरको राष्ट्रवाद दुवै विरुद्ध लड्नु चिनियाँ जानताको देशभक्ति हो । जापान र जर्मनीका कम्युनिस्टहरू चीनमाथिको आक्रमणविरुद्ध आफ्नै देशबाट चिनियाँ जनताप्रति ऐक्यबद्धता जनाउँदै थिए । त्यसकारण चीनको मुक्तिको बाटोमा अन्तर्राष्ट्रिय भावनासँगै देशभक्ति अनिवार्य छ भन्ने सन्देश अध्यक्ष माओले सञ्चार गर्नुभयो । कम्युनिस्टहरू देशभक्त हुँदैनन् भन्ने प्रतिक्रियावादीहरूको मनोवैज्ञानिक युद्धविरुद्ध अध्यक्ष माओले आफ्नो सेना र कार्यकर्ताहरूलाई ऊर्जा दिनुभएको सन्दर्भ निकै रोचक छ । उहाँले भन्नुभयो, "कम्युनिस्टहरू राष्ट्रिय सङ्घर्षहरूमा राम्रो उदाहरण बन्नुपर्छ । कम्युनिस्टहरू नै वास्तवमा देशभक्तिपूर्ण आन्दोलनहरू र वर्गीय लडाइँका अगुवा हुन्छन् ।"

राष्ट्रिय चेतना, राष्ट्रिय गौरव, स्वाभिमान, सार्वभौमिकताप्रतिको प्रेम र आत्मविश्वास कम्युनिस्टहरूको प्राथमिकता हो । त्यतिबेला चीनको सेना बलियो थिएन, अर्थतन्त्रमा चीन निकै पिछडिएको थियो । राजनीतिक व्यवस्था प्रजातान्त्रिक थिएन, भ्रष्टाचार र निरासा व्याप्त थियो । जनताको एकता थिएन । त्यस्तो समयमा कम्युनिस्टहरूले नै क्रान्तिको अगुवाइ गरेको इतिहास नै चीनको इतिहास हो ।

कम्युनिस्टहरूसँग देश र जनताको निम्ति बहादुरीपूर्वक लड्ने, पार्टीको फलामे अनुशासनमा बस्ने, राजनीतिक सुझबुझसहित सैद्धान्तिकरूपमा खारिने ऊर्जा हुनुपर्छ । कम्युनिस्टहरू जनताका सच्चा मित्र हुन्छन्, सेवक हुन्छन्, कामरेडली भावना या प्रेमले भिजेका हुन्छन् । कम्युनिस्ट निःस्वार्थी, निडर तथा इमानदार हुन्छन् । व्यक्तिगत स्वार्थ, रहर, परिवार, सम्पत्तिलाई प्राथमिकतामा राख्नेहरू कम्युनिस्ट बन्न सक्दैनन् । कम्युनिस्टहरूसँग पुरानो सोच र अन्धविश्वास हुनु हुँदैन । समाजको परिवर्तन या क्रान्तिको बाटोमा हिँड्ने कम्युनिस्टहरू त्यागी मात्र नभई दूरदर्शी पनि हुन्छन् । सिकाइ र अध्ययनमा सदैव उत्सुक र अब्बल नभई क्रान्तिको बाटोमा ऊर्जावान् हुन गाह्रो हुन्छ । शत्रु परास्त गर्न सारा जनतालाई एकतामा ल्याउन अहोरात्र मेहनत गर्ने व्यक्तित्व आवश्यक हुन्छ कम्युनिस्ट आन्दोलनको लागि । कोठाभित्र बसेर सिद्धान्तको फलाकोबाजी गर्ने होइन जनताको बिचमा गई सङ्गठन गर्ने, पार्टीलाई विशाल र विराट बनाउन दिनरात खट्ने कार्यकर्ता कम्युनिस्ट आन्दोलनको लागि खाँचो हुन्छ । यो अध्यक्ष माओको विचार हो ।





त्यतिबेला राष्ट्रिय लडाइँका लागि कोमिन्ताङसँगको मोर्चा र पार्टीको स्वतन्त्र अस्तित्व दुवै जोगाउने वैचारिकरूपले सबल कार्यकर्ताहरू नेता माओले तयार गर्नुभएको थियो । वर्गीय सङ्घर्ष र राष्ट्रिय सङ्घर्षलाई सँगसँगै लान सक्ने कम्युनिस्टहरू तयार गर्नुभएको थियो । पार्टी निर्णयमा बहुमतको पक्ष लिने, अल्पमतको कदर अर्थात् रचनात्मक सुझावहरूको कदर हुन्थ्यो । पार्टीको छुट्टै कार्यकर्ता नीति थियो । पार्टीको कार्यशैलीबारे पुस्तकको विभिन्न शीर्षकमा चर्चा छ । चिनियाँ कम्युनिस्ट पार्टीले ठूलो सङ्ख्यामा कार्यकर्ताको तयारीबिना क्रान्ति गर्न सक्दैनथ्यो । त्यसकारण कार्यकर्ताको बौद्धिक एवम् शारीरिक क्षमता अभिवृद्धि गर्न थुप्रै तालिमहरू सञ्चालन गरियो । कार्यकर्ताको राम्रो हेरचाह गर्नु र तिनलाई सही ठाउँमा काम गराउनु नेतृत्वको जिम्मेवारी हुन्छ । कुनै पनि राजनीतिक निर्णयपछि त्यसलाई पूर्णता दिन, व्यवहारमा उतार्न कार्यकर्ताहरूको खतन निकै आवश्यक हुन्छ । त्यसकारण अध्यक्ष माओ योजनाबद्ध ढङ्गबाट कार्यकर्तालाई तालिमको आयोजना गर्नुहुन्थ्यो । उहाँले किसानहरूका निम्ति पार्टी कक्षा एवम् पार्टी स्कूल सञ्चालन गर्नुभयो । कहिल्यै विद्यालय नदेखेका किसानहरू माओका कक्षाहरूमा चीनको इतिहासदेखि विश्वका किसान र मजदुर आन्दोलनहरू पढ्थे । भूगोल, राजनीतिशास्त्र र अर्थशास्त्र पढ्थे । उहाँले युवा किसानहरूलाई युद्ध रणनीति पढाउनुभयो । किसानहरूलाई सरल भाषामा मार्क्सवाद, लेनिनवाद तथा वैज्ञानिक समाजवाद पढाउनुभयो ।

पार्टी बाहिरका क्षमतावान् र बौद्धिक व्यक्तित्वहरूसँग अध्यक्ष माओ राम्रो सम्बन्ध राख्नुहुन्थ्यो । तिनीहरूबाट पनि पार्टीको लागि सहयोग लिने वातावरण बनाउन उहाँ पारङ्गत हुनुहुन्थ्यो । कम्युनिस्टहरू हार्दिकता र अनुग्रहको भावनाले सुसज्जित हुनुपर्छ भनी कार्यकर्तालाई सिकाउनुहुन्थ्यो । द्वेष र आवेगले शत्रु परास्त नहुने बरु पार्टीको विचारले प्रभावित पार्टी समर्थक पनि एक कोस टाढा जान सक्ने व्यावहारिक शिक्षा दिनुहुन्थ्यो ।

कार्यकर्ताको मूल्याङ्कन कसरी गर्ने ? उहाँ कार्यकर्ताको मूल्याङ्कन छोटो अवधि र एउटा घटनाबाट गर्नुहुन्नथ्यो । कार्यकर्ताको जीवन, काम, व्यक्तित्व र विचारको आधारमा मूल्याङ्कन गरिन्थ्यो । कार्यकर्तालाई नेतृत्वले क्षमतानुसार सही जिम्मेवारी दिएको खण्डमा उसले बढी काम गर्नसक्ने कुरा व्यवहार सिद्ध भयो । नेतृत्वले सदैव पार्टीको विचार या योजनाको विकाससँगै कार्यकर्ताको उचित खटनमा ध्यान दिन सक्नुपर्ने तर्क नेता माओको हो । कार्यकर्तालाई आदेश धम्की या गालीबाट होइन कामका लागि उत्साहित गर्नसक्नु नेतृत्व क्षमता हो । कुनै पनि काममा नियुक्तिका लागि नातावाद र कृपावाद होइन क्षमता नै हुनुपर्छ भन्ने नीति चिकपाभित्र थियो ।

एक इमानदार कार्यकर्ता नेता र जनसमुदायबिच सम्बन्धको सेतु हुने गर्छन् । त्यसकारण, कार्यकर्ता पार्टी लाइनमा एकदम स्पष्ट, पार्टी अनुशासनमा प्रतिबद्ध, जनसम्पर्कमा चुस्त, सक्रिय, मेहेनती र निःस्वार्थी हुनुपर्छ । कार्यकर्ताहरूको पनि परीक्षा हुन्छ । नेतृत्वले नियमित मूल्याङ्कन गरिरहेको हुन्छ । सरल, सक्षम कार्यकर्ताहरू पार्टीका माथिल्ला समितिहरूमा चढ्दै जानु काममा प्रमोसनजस्तै हो ।

कार्यकर्ता पार्टीका सङ्गठक र प्रचारक मात्र होइन देशकै रक्षक पनि हुन् । तिनले पार्टीको र तिनलाई पार्टीले हेरचाह गरेकै हुनुपर्छ । कार्यकर्ताको हेरचाह कसरी गर्ने भन्ने प्रश्नमा अध्यक्ष माओले लेख्नुभएको छ, "कार्यकर्तालाई मार्गनिर्देशन गर, पार्टी लाइनबाट दीक्षित बनाऊ ।" कार्यकर्ताको स्तरवृद्धि हुनु निकै जरुरी हुन्छ । पार्टी शिक्षा र सिद्धान्तसँगै मार्क्सवादी साहित्य अध्ययन र व्यावहारिक ज्ञानले कार्यकर्ताको बौद्धिकस्तर वृद्धि हुन्छ । कार्यकर्ताको काम गर्ने शैली र कार्यमाथि नियमन आवश्यक हुन्छ । काममा कठिनाइ भए नेताहरूले सघाउनुपर्छ । कार्यकर्ताले अञ्जानमा गल्ती गरे भने गालीभन्दा पनि सप्रेम सम्झाउने र आलोचना गर्नुपर्छ भन्ने विचार माओको हो । एकजना कार्यकर्ता तयारीमा नेताको समय र धैर्यको ठुलो लगानी परेको हुन्छ । कार्यकर्ताहरूको अप्ठ्यारो स्थितिमा पार्टीका नेताहरूले ख्याल राख्नुपर्छ । बिरामी पर्दा, घरेलु समस्यालगायतका समयमा अभिभावकत्वको भूमिका निर्वाह हुनुपर्छ । यो नेता माओको विचारमात्र होइन निर्देशन पनि थियो ।

पार्टी अनुशासन के हो र पार्टी अनुशासन उल्लङ्घनको परिणाम के हुन्छ ? भन्नेबारे माओको शिक्षा आज पनि सान्दर्भिक छ । एक जना व्यक्ति या कार्यकर्ता सदैव सङ्गठनको अधिनस्थ रहन्छ । व्यक्ति सङ्गठनभन्दा माथि हुनसक्दैन । जहिले पनि अल्पमत बहुमतको अधिनस्थ रहन्छ । यद्यपि, अल्पमतको कदर पार्टी संस्कार हो । प्रारम्भिक तल्ला समितिहरू माथिल्ला समितिहरूको अधिनस्थ रहन्छ । समग्र पार्टी सदस्यता पार्टी केन्द्रको अधिनस्थ रहने अनुशासन चिनियाँ कम्युनिस्ट पार्टीको हो । पार्टी अनुशासन उल्लङ्घन पार्टी र नेतृत्वप्रतिको अपमान मात्र नभई तत्कालीन क्रान्तिको समयमा, सङ्घर्षको मोर्चामा एक किसिमको विश्वासघात हुन्थ्यो । त्यसकारण, अनुशासनहीनता क्षम्य हुँदैन । कम्युनिस्ट पार्टीको सुन्दरतम पक्ष भनेकै पार्टी अनुशासन हो । कम्युनिस्ट पार्टीभित्र प्रजातन्त्र पनि हुन्छ, अभिव्यक्तिको प्रजातन्त्र । अनुशासनमा केन्द्रीयता पार्टीको विशेषता हो । यसर्थ, कम्युनिस्ट पार्टीभित्र प्रजातान्त्रिक केन्द्रीयता हुन्छ । विचारको प्रवाह माथिबाट तल हुन्छ भन्ने जनअपेक्षा या सुझावहरूको सङ्कलन तल्लो तहबाट गरिन्छ ।

चिकपाले कार्यकर्तालाई मार्क्सवाद र लेनिनवादको वैचारिक हतियार प्रदान गऱ्यो । दक्षिणपन्थी तथा वामपन्थी अवसरवादविरुद्ध लड्ने हतियार थियो त्यो । वामपन्थी आवेग र दक्षिणपन्थी निराशा चिर्दै जापानी उपनिवेशबाट देशलाई मुक्त बनाउन माओका सिपाहीहरू सफल भएको गौरवपूर्ण इतिहास छ । अध्यक्ष माओले कार्यकर्तालाई कम्युनिस्ट बनाउन उदारवादको विरोध गर्न सिकाउनुभयो । उदारवादले विचारधारात्मक हतियारहरूको विरोध गर्छ । उदारवादले सिद्धान्तमा सम्झौता गर्न बाध्य पार्छ । नाता या साथीभाइको मित्रमण्डलीलाई सङ्गठन र विचारभन्दा माथि राख्नु उदारता हो । सत्य र सही कुरा सम्बन्धित मान्छेको सामु नभनी पछाडि कुरा काट्नु उदारता हो । बैठक या मिटिङमा विचार नपोखी चिया पसल र साथीभाइसँग गलफती गर्नु उदारवाद हो । सामुहिक जीवनभन्दा व्यक्तिवादी सोचको बिजारोपण हो उदारवाद । आफूलाई हानी नगर्ने विषय भए त्यतिकै छोड्नु गल्ती हो । अरूको विचार नसुन्ने आफ्नो कुरा मात्र लाद्ने प्रवृत्ति पनि उदारवाद हो । अरूलाई आदर नदिने आफू विशेष सम्मान खोज्ने मानसिकता कम्युनिस्टहरूमा हुनुहुँदैन । सैद्धान्तिक बहस छोडेर एकजना व्यक्तिमाथि प्रतिशोधको भावना साँध्नु गलत मानसिकता हो । जनविरोधी कामको विरोध नगर्नु उदारवाद हो । पार्टीको उद्देश्यमा हृदयदेखि समर्पित नहुनु र सानोतिनो काम गरेर क्रान्तिको निम्ति ठूलै काम गरेको फलाकोबाजी गर्नु उदारवाद हो । आफ्ना कमजोरीहरू थाहा हुँदा हुँदै नसच्याउनु र सधैँभरि प्रकाशमा आउन खोज्नु उदारवाद हो । अध्यक्ष माओका अनुसार उदारवादी प्रवृत्ति प्रतिक्रान्तिकारी हुन्छ । तसर्थ, उदार प्रवृत्तिका व्यक्ति न त क्रान्तिकारी बन्न सक्छन् न त कम्युनिस्ट । उदारवादले पार्टीको एकता, गरिमा खलबल्याई मतभेद निम्त्याउँछ । पार्टीभित्रको निम्न पुँजीवादी सोचसँगै वैचारिक, राजनीतिक तथा साङ्गठनिक उदारताविरुद्ध लड्न माओले सधैँ उत्साहित गर्नुभयो । उदार मानिसहरू अवसरवादका शिकार हुन्छन्; मार्क्सवाद लेनिनवादका कलङ्क हुन्छन् । कम्युनिस्टको मकुन्डोमा यस्ता उदार व्यक्तिहरू क्रान्तिका लागि हानिकारक हुन्छन् । नेता माओको सन्देश यही हो ।

अध्ययन नगर्ने कार्यकर्ताको बौद्धिक स्तरवृद्धि सम्भव हुन्छ ? अध्ययनका धेरै उपायहरू हुन्छन् । मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिनसँगै इतिहास, वर्तमान परिस्थितिबारे राम्रो प्रशिक्षण कार्यकर्ताको निम्ति गुल्कोजजस्तै हो र माओले भन्नुभएको छ, "मार्क्सवाद र लेनिनवाद क्रान्तिको विज्ञान हो । गहिरो अध्ययन गर ।" कन्फ्युसियसदेखि सनयातसेनसम्मको विचारधारात्मक योगदानको अध्ययन गर्न माओ उत्साहित गर्नुहुन्थ्यो । मार्क्सवादको माटो सुहाउँदो प्रयोगको लागि स्वदेशी इतिहास र सङ्घर्षको कथा पढ्न अनिवार्य हुन्छ । चिनियाँ विशेषतासहितको क्रान्तिको लागि वस्तुस्थितिको अध्ययन महत्त्वपूर्ण पक्ष हो अन्यथा मार्क्सवाद र लेनिनवाद अमूर्त आदर्शमात्र बन्छ भन्ने तर्क माओको हो । कार्यकर्तालाई कुनै एउटा विषयको गहिराइमा अध्ययन गर्न र अध्ययनबाट कहिल्यै सन्तुष्ट नबन्न सुझाव दिनुहुन्थ्यो । उहाँ भन्नुहुन्छ, "सन्तोष अध्ययनको शत्रु हो ।" अध्ययन र व्यवहारको तालमेल नमिले त्यो अध्ययनको अर्थ हुँदैन । किताब पढ्ने तर सङ्गठन नगर्ने, क्रान्तिको मोर्चामा सहभागी नबन्ने मानसिकता गलत हो । उहाँले भन्नुभएको छ, "किताबको पूजा गलत हो, यसको विरोध गर ।" किताबका भनाइहरूको रटान लगाउने, हरेक कुरालाई किताबको कुन पृष्ठमा छ भनी सोध्ने, किताबको सङ्ख्याले ज्ञानको मापन गर्ने प्रवृत्तिको विरोध गर्नुभयो अध्यक्ष माओले । समाज विज्ञानको अध्ययन निकै विराट र गाह्रो कार्य हो । समस्याहरूको अध्ययन पुस्तकबाट मात्र समाधान हुँदैन । पार्टी अगुवाहरूको अनुभव सयौं किताबभन्दा ओजनदार हुन्छ । सतही ज्ञानमा रमाउनु एक किसिमको रोग हो । समस्याको गहिराइमा पुग्न अनुसन्धान अनिवार्य चरण हो । सत्य तथ्य र समाधानका लागि वैज्ञानिक एवम् व्यावहारिक अनुसन्धानको आवश्यकताबारे माओले कार्यकर्तालाई प्रशिक्षण दिनुभएको छ । आन्दोलन र क्रान्तिको समयमा किताब च्यापेर बस्नु पनि एक किसिमको रोग हो । वर्गसङ्घर्ष र भूगोल, कम्युनिस्ट आचरण पुस्तकभन्दा बाहिर जनताबाट सिक्न सकिन्छ । पार्टी कार्यकर्ता जनताबाट सिक्न र जनताको सेवा गर्न सदैव तत्पर रहनुपर्ने सन्देश पनि पुस्तकमा छ ।

वर्गीय समाजमा वर्गसङ्घर्ष अनिवार्य सर्त हो । कम्युनिस्ट पार्टीको नेतृत्वमा साम्राज्यवादविरोधी सङ्घर्ष र समाजवादी क्रान्ति सम्भव हुन्छ । पार्टी बलियो बनाउन कार्यकर्तामा कम्युनिस्ट आचरण हुनुपर्छ, विचार हुनुपर्छ । कार्यकर्ता पार्टी नेतृत्वप्रति बफादार रहनुपर्छ । पार्टी नेतृत्वको सम्मान र सेवा कार्यकर्ताको कर्तव्य हो भन्ने विचार आज पनि उत्तिकै सान्दर्भिक र जीवन्त छ । "देश र जनताको सेवा गर" "समाजवादको सेवा गर" भन्ने माओको विचार यो शताब्दीका लागि अझ सामयिक छ । एक साम्राज्यवादविरोधी योद्धा, चिनियाँ क्रान्तिका नायक, मार्क्सवादी सिद्धान्तका चिन्तक, सैन्य रणनीतिज्ञ एवम् क्रान्तिकारी साहित्यकार अध्यक्ष माओलाई थप चिनाउने यस पुस्तक निकै पठनीय मात्र होइन सङ्ग्रहणीय छ । सर्वहारावर्गका गुरु अध्यक्ष माओको शिक्षा संसारका सम्पूर्ण कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूको निम्ति अनिवार्य पाठ्यक्रम हो भन्दा अतिशयोक्ति नहोला । उहाँका सङ्कलित रचनाहरूको गहन अध्ययनले समाजवादी आचरणबारे ज्ञान दिने मात्र होइन व्यवहारमा लागु गर्दै आमूल परिवर्तनमा भूमिका निर्वाह गर्न ऊर्जा प्रदान गर्नेछ ।



मध्य गाजाको जवाइदा क्षेत्रमा इजरायली हवाई बम हमलाबाट ध्वस्त भएको आवासीय भवनको भग्नावशेषबाट एक बालकको मृत शरीर निकालेर ल्याउँदै एक प्यालेस्टिनी डिसेम्बर ३०, २०२३ का दिन । हमास र इजरायलबिचको युद्धमा परी हालसम्म २२ हजारभन्दा बढी प्यालेस्टिनीहरूको मृत्यु भइसकेको छ । मृत्यु हुनेमा अधिकांश बालबालिका र महिलाहरू रहेका छन् ।

*तस्बिर : एएफपी*

# सुडानको स्वास्थ्य सङ्कटबारे डब्लूएचओको चेतावनी

जेनेभा, १४ पुस (एएफपी) । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले सुडानमा गहिरिँदो स्वास्थ्य र मानवीय सङ्कटसँग जुध्नका लागि तत्काल कदम चाल्न आह्वान गर्दै अन्तर्राष्ट्रिय समुदायलाई आर्थिक सहयोग बढाउन आग्रह गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले युद्धबाट प्रभावित सुडानी क्षेत्रका अधिकांश स्वास्थ्य संस्थाले युद्धका कारण काम गर्न नसकेको शुक्रबार बताउनुभएको छ ।

गत अप्रिल १५ देखि सुडानका सेना प्रमुख अब्देल फतह अल बुरहानले आफ्ना पूर्वसहयोगी रहेका अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेजका कमाण्डर मोहम्मद हमदान डग्लोसँग सशस्त्ररूपमा लडिरहनुभएको छ ।

सुडानको राजधानी खार्तुमको दक्षिणमा रहेको अल-जजिरा राज्यमा भएको द्वन्द्वपछि पाँच लाखभन्दा बढी मानिसले शरण लिएका थिए ।

यसै महिना अर्धसैनिक बलले राज्यको गहिराइमा पुगेर देशको बाँकी रहेका केही भागमध्ये एकलाई ध्वस्त पारिदिएपछि तीन लाखभन्दा बढी मानिस फेरि भाग्न बाध्य भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

टेड्रोसले ट्वीटरमा भन्नुभएको छ, "सुडानमा बढ्दो मानवीय र स्वास्थ्य सङ्कटबिच बढ्दो द्वन्द्वलाई उल्ट्याउन तत्काल कदम चाल्न आवश्यक छ । द्वन्द्वका कारण मुख्यतया महिला र बालबालिकासहित लाखौं मानिस प्रभावित भएका छन् ।

सशस्त्र द्वन्द्व स्थान र घटना डाटा परियोजनाको एक अनुमानअनुसार अप्रिलमा द्वन्द्व सुरु भएयता हिंसामा १२ हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ ।

टेड्रोसले भन्नुभयो, "रोगको फैलावट नियन्त्रण र कुपोषणको खतरालाई सम्बोधन गर्नेलगायत तीव्र स्वास्थ्य आवश्यकताहरूको साझेदारसँग प्रतिक्रिया दिँदै डब्ल्यूएचओले प्रभावित जनसङ्ख्याको अत्यावश्यक स्वास्थ्य आवश्यकता पूरा गर्न अन्तर्राष्ट्रिय समुदायबाट थप आर्थिक सहयोगको लागि पनि आह्वान गर्दछ ।"

उहाँले भन्नुभयो, "यसमा प्रभावित राज्यहरूमा सबैभन्दा कमजोर व्यक्तिहरूका लागि आधारभूत स्वास्थ्य सेवाहरूको प्रावधानलाई बढावा दिनु रहेको छ । सुडानमा कम्तिमा ७० प्रतिशत स्वास्थ्य संस्थाहरूले द्वन्द्वका कारण काम गरिरहेका छैनन् ।

संयुक्त राष्ट्रसङ्घका अनुसार कम्तीमा ७१ लाख मानिस विस्थापित भएका छन्, जसमध्ये १५ लाख सीमा पार गरेर छिमेकी मुलुकतर्फ भागेका छन् ।

इथियोपियाका पूर्वस्वास्थ्यमन्त्री टेड्रोसले सन् २०१७ देखि संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य निकायको नेतृत्व गर्दै आएका छन् ।

हार्दिक समवेदना



जन्म
१९९७/०९/२४

निधन
२०८०/०९/०९

गोबिन्द चाँगुभारी

यस समूहका हाम्रा परम मित्र गोपीकृष्ण चाँगुभारी र ज्ञानथुकू चाँगुभारीका पूजनीय पिता/ससुरा **गोबिन्द चाँगुभारी**को असामयिक स्वर्गारोहण भएको आज सातौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा मृतात्माको चिरशान्तिको कामनाका साथ यस दुःखद घडीमा शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विकुलाल सुवाल
मदन खाताखो
गणेशलाल फोजु
लक्ष्मीसुन्दर अवाल
गोविन्दराम त्वानाबासु
कृष्णराम सत्ता
कृष्णराम कोण्डा

सुन्दर त्यात
लक्ष्मीनारायण कुसाथा
कृष्णगोपाल दुवाल
हरिप्रसाद लघु
हरिनारायण सितिखु
गणेशकुमार अवाल

राजु बाटी
हरिगोविन्द दुवाल
कृष्णभक्त सुवाल
गौतम रंजित
पुण्यलाल चौगुठी
विष्णुभक्त त्यात

रामप्रसाद लघु
लक्ष्मीप्रसाद बोयजु
पुरुषोत्तम जति
माधव त्यात
विश्वराम सिजख्व
विष्णुहरि सिजख्व

मिलिजुली पुरुष /महिला समूह
भक्तपुर-६

## उत्तरी भारत शीत लहरको चपेटामा

नयाँदिल्ली, (एएनआई) । उत्तर भारतीय क्षेत्रमा चिसो बढ्दै गएको भारतको मौसम विज्ञान विभाग (आईएमडी) ले शनिबार जनाएको छ । विभागले पञ्जाबको अधिकांश भागहरूमा ७-१० डिग्री सेल्सियसको दायरामा न्यूनतम तापमान रेकर्ड गरेको छ ।

राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीका अनुसार शनिबार बिहान दिल्ली, राजस्थान र मध्ये प्रदेशका लगायतका क्षेत्रको तापक्रम ७-१० डिग्री सेल्सियसको बिचमा रहेको बताएको छ । कडा चिसोले उत्तर भारतको विशाल भागलाई चपेटामा परेको छ । बाक्लो कुहिरोले शहरहरू ढाकेको छ ।

स्थानीयहरू न्यानोको लागि आगोको वरिपरि झुम्मिरहेको दृश्य देखिन्छ । उत्तर प्रदेशको प्रयागराज, जयपुर, राजधानीलगायतका शहरहरू शनिबार बिहान शित लहरसँगै बाक्लो कुहिरो लागेको थियो ।

पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, बिहार, उत्तर राजस्थानलगायतका क्षेत्रमा बिहानी समयमा बाक्लो कुहिरो भारतको मौसम विज्ञान विभाग (आईएमडी) द्वारा कैद गरिएको थियो ।

मौसम विभागले डिसेम्बर ३० देखि जनवरी दुईसम्म जम्मू-कश्मीर-गिलगिट-बाल्टिस्तान- हिमाचल प्रदेश, उत्तराखण्डमा अधिक कुहिरो लाग्ने सम्भावना उल्लेख गरेको छ ।

## विश्व सङ्क्षेप

### चीनका भूकम्प प्रभावित विद्यार्थीहरूको कक्षा पुनः सुरु

चिन, (सिन्हवा) । भूकम्पबाट प्रभावित उत्तरपश्चिम चीनको गान्सु प्रान्तको जिशिसानको बोनान-डोङ्सिआङ-सालार स्वायत्त काउन्टीका विद्यार्थीहरूले कक्षाहरू पुनः सुरु गरेका छन् । भूकम्प प्रभावित साठी हजारभन्दा बढी विद्यार्थीको कक्षा पुनः सुरु भएको प्रान्तीय शिक्षा विभागले शनिबार जनाएको छ ।

शुक्रबारसम्म भूकम्पपछि कक्षा सञ्चालन र वसन्त सेमेस्टरका लागि सहज सङ्क्रमणका लागि एक हजार एक सय ६५ पूर्वनिर्मित घर निर्माण गरिएको विभागले जनाएको छ ।

काउन्टीका उच्च माविहरूले यस अघि नै डिसेम्बर २२ मा अनलाइन कक्षाहरू सुरु गरेका थिए । यसैगरी माध्यमिक र प्राथमिक विद्यालयहरूले बिस्तारै सोमबारदेखि अनलाइन वा अफलाइन कक्षाहरू सुरु गरेका छन् । भूकम्पले क्षतिग्रस्त विद्यालय भवनको मर्मत तथा सुदृढीकरणको काम भइरहेको छ ।

गत हप्ता ६.२ म्याग्निच्युडको भूकम्पले लिनक्सिया हुई स्वायत्त प्रान्तको जिशिशानको बोनान-डोङ्गक्सियाङ्ग-सालार स्वायत्त काउन्टीलाई प्रहार गरेको थियो । परिणामस्वरूप सयौंको मृत्यु भयो, भवनलगाएतका भौतिक संरचनाहरू भत्किएर क्षतिग्रस्त अवस्थामा छन् ।

### मेक्सिकोमा रात्रिभोजमा गोली चल्दा ६ जनाको मृत्यु

मेक्सिको सिटी, १४ पुस (एएफपी) । मेक्सिकोको उत्तरपश्चिमी क्षेत्रमा शुक्रबार एक पार्टीमा बन्दुकधारीले गोली चलाएपछि भएको झडपमा छ जनाको मृत्यु भएको छ ।

सोनोरा राज्यका अभियोजकको कार्यालयले भनेको छ, "हत्याको प्रयास, हत्या, स्वतन्त्रता हरण र आपराधिक सम्बन्धको लागि पक्राउ पुर्जी जारी गरिएका आपराधिक समूहको नाइकेविरुद्ध भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।"

काजेमे नगरपालिकामा बिहानै भएको आक्रमणमा परी पाँच जनाको मृत्यु हुनुका साथै २६ जना घाइते भएका छन् । घटनामा आक्रमणकारी पनि मारिएको बताइएको छ ।

सन् २००६ देखि लागूऔषधसम्बन्धी हिंसामा परी चार लाख २० हजारभन्दा बढी मानिसको हत्या भइसकेको मेक्सिकोमा बन्दुकधारीहरूले सामाजिक जमघटलाई लक्षित गरेको इतिहास छ ।

गत डिसेम्बर १७ मा मध्य राज्य ग्वानाजुआटोमा मेक्सिकोका युवाहरूले भाग लिएको क्रिसमस पार्टीमा बन्दुकधारीहरूले अन्धाधुन्ध गोली चलाउँदा ११ जनाको मृत्यु भएको थियो ।

### दिल्ली प्रहरीद्वारा इजरायली दूतावास विस्फोटको रिपोर्ट दर्ता

नयाँदिल्ली, १४ पुस (एएनआई) । दिल्ली प्रहरीले डिसेम्बर २६ मा इजरायली दूतावास नजिक भएको संदिग्ध विस्पोटको विषयमा रिपोर्ट दर्ता गरेको दिल्ली प्रहरीले जनाएको छ ।

बम स्वाड टोलीका शीर्ष अधिकारीका अनुसार विस्फोटको रिपोर्ट दिल्ली पुलिसलाई बुझाइने छ । दिल्ली प्रहरीका अनुसार विस्पोटको कारण अझै पत्ता लाग्न सकेको छैन, उनीहरू फोरेन्सिक रिपोर्ट कुरिरहेका छन् । प्रहरी हरेक तरिकाबाट अनुसन्धानमा लागिरहेको छ ।


मङ्गबार दिल्ली प्रहरीलाई चाणक्यपुरी कुटनीतिक क्षेत्रमा इजरायली दूतावास नजिकै विस्फोट सुनिएको फोन प्राप्त भयो । तर अधिकारीहरूले घटनास्थलमा केही प्रमाण नभेटिएको बताएका थिए ।

दूतावास क्षेत्रमा अर्ध सैनिक बल तैनाथ गरेको दुई दिनपछि प्रहरीले इलाकानजिकै विस्पोट भएको सुनेको सुरक्षा अधिकारीले जानकारी दिए ।

अनुसन्धान पछि दुई संदिग्धलाई नियन्त्रणमा लिएको थियो । तर उनीहरूको संलग्नता भने अझै पुष्टि गरेको छैन ।

भारतका लागि इजरायली उपराजदूत ओहद नकास कायनारले दूतावासका सबै कर्मचारी तथा कूटनीतिज्ञ सकुशल रहेको पुष्टि गरेका छन् ।

हार्दिक समवेदना



जन्म : १९९७/०९/२४
निधन : २०८०/०९/०९

झपा वडा नं. ६, छिकोङ व्यवस्थापन समितिका सहसंयोजक गोपीकृष्ण चाँगुभारीका पूजनीय पिता **गोबिन्द चाँगुभारी**को दुःखद निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

छिकोङ व्यवस्थापन समिति
देकोचा, भक्तपुर नगरपालिका-६, भक्तपुर

पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, ब्यासी, भक्तपुर

# हार्दिक धन्यवाद

पुर्खाले नासोको रूपमा छोडेर गएका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले समयसमयमा विभिन्न गतिविधिहरू गर्दै आएको सबैमा जानकारी नै छ । यसै क्रममा नगरपालिकाको आयोजनामा यही २०८० पुस १४ गते शनिबार **'बहाबही चिनौं, सम्पदा संरक्षण गरौं'** भन्ने नाराका साथ **योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा** सम्पन्न भयो । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभाका सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम ऐतिहासिक सम्पदा क्षेत्र टौमढी (ङातापोल्हँ) बाट सुरु भई गोल्मढी यातामा योमरी उत्सव तथा सांस्कृतिक कार्यक्रममा परिणत भएको थियो । विभिन्न सांस्कृतिक झाँकीसहित **भक्तपुरका ऐतिहासिक १९ वटा बहाबही (विहार)** हरूको अवलोकन भ्रमण गरिएको उक्त कार्यक्रममा बहाबहीको परिचय पर्चा नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित गरी सर्वसाधारणलाई वितरण गरिएको थियो ।

नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी अमूल्य मार्गनिर्देश गर्नुहुने प्रमुख अतिथि माननीय प्रेम सुवालज्यू, विशिष्ट अतिथि डा. पुष्परत्न शाक्यज्यू लगायत पदयात्रा र उत्सवलाई भव्यताका साथ सफल पार्न सहयोग गर्ने सम्पूर्णलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।




















## सहयोगी सङ्घ संस्थाहरू :

१. अखण्डशील महाविहार
२. जेतवर्ण महाविहार
३. बौद्ध समंकृत विहार (कुथुबही)
४. जयकीर्ति महाविहार (थथुबही)
५. ज्येष्ठवर्ण महाविहार
६. लोकेश्वर महाविहार
७. चतुर्ब्रह्म महाविहार
८. यालाछेँ बही
९. सुवर्ण विहार
१०. मञ्जुवर्ण महाविहार
११. प्रशन्नशील महाविहार
१२. मूल दीपङ्कर विहार
१३. कुलरत्न महाविहार
१४. धर्मकीर्ति विहार
१५. आदिपद्म महाविहार
१६. खुसीबहा (शक्रवर्त विहार)
१७. धर्मउत्तर महाविहार (मुनि विहार)
१८. इन्द्रवर्ण महाविहार
१९. मंगल धर्मद्विप विहार (झौर बही)
२०. नेपाल परम्परागत बौद्ध धर्म सङ्घ, भक्तपुर शाखा
२१. लोकेश्वर ज्ञानमाला भजन
२२. बोधि मयजु पुच, गोल्मढी, ख्वपः
२३. क्वनेया गुँला बाजं सञ्चालन तथा व्यवस्थापन समिति, तेखाचो, ख्वपः
२४. इन्द्रवर्ण गुँला बाजं खलः इनाचो, ख्वपः
२५. विश्वकर्मा गुँला बाजं खलः क्वाठण्डौ, ख्वपः
२६. गुँला धलं ङक नौबाजा सकुलां, गोमारी, तेखाचो र तपालाछी
२७. मैत्रेय युवा संघ, थथुबही
२८. डा. पुष्परत्न शाक्य (विहार परिचय लेखन कार्य)
२९. भक्तपुर पर्यटन विकास समिति
३०. भक्तपुर पर्यटक पथ प्रदर्शक परिचालन समिति
३१. भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ
३२. नेपाल स्काउट, भक्तपुर शाखा
३३. पर्यटक प्रहरी, भक्तपुर
३४. गलसी पुखु देवी प्याखँ खल
३५. खिंछेँ दाफा भजन
३६. गणेश भजन, भोलाछेँ
३७. लोकेश्वर साकोस (बाँसुरी बाजा समूह)
३८. भिन्तुना साकोस (बाँसुरी बाजा समूह)
३९. प्रभात इ. से. स्कूल (साँस्कृतिक प्रस्तुति)
४०. पासा पुचः सूर्यमढी
४१. वाकुपतिनारायण नौ दाफा भजन
४२. वाकुपतिनारायण ढल्चा भजन
४३. दत्तात्रय नौ दाफा भजन
४४. सिद्धि गणेश बाँसुरी बाजा समूह, चोर्चा
४५. नवीन आधारभूत विद्यालय (सांस्कृतिक प्रस्तुति)
४६. वाल सेवक आधारभूत विद्यालय (सांस्कृतिक प्रस्तुति)
४७. भनपा ७ वाचुत्व खँचा छोरी समूह
४८. श्रद्धा साकोस (सांस्कृतिक प्रस्तुति)
४९. नवदुर्गा साउन्ड डिजिटल स्टुडियो, इटाछेँ
५०. विभिन्न स्थानमा खाद्य स्टल तथा योमारी प्रदर्शनी टोलीहरू
५१. पदयात्रामा सहभागी सङ्घ संस्था एवं विद्यालयहरू
५२. स्वयम्सेवकहरू
५३. भक्तपुर नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरू

# हार्दिक समवेदना



**काशीबहादुर त्वानाबासु**

**जन्म : १९९४/०१/१५ निधन : २०८०/०९/०४**

हाम्रा आदरणीय दाजु आशाकाजी त्वानाबासु तथा आत्मीय मित्रहरू केशव, सानुकाजी, विश्वराम र दशराम त्वानाबासुका पूजनीय पिता **काशीबहादुर त्वानाबासु**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्रीकृष्ण गोसाई लक्ष्मीप्रसाद प्रजापति बालकृष्ण साँद न्हुछेराम ह्यौंमिखा सुन्दर सुवाल**
**विष्णुहरि कवां कृष्णराम दथेपुथे नारायण नागाजु जयराज मुल रूशक पौं**
**दीपक माकजु कृष्णराम किजु श्याम बासुकला सानुमैया लाखाजु इस्मिता कर्माचार्य**
**विक्रम प्रजापति सुस्मिता देउजा गोमा राउट**


नेपालमै पहिलोपल्ट ISO 9001:2015
मान्यता प्राप्त कम्पनिद्वारा उत्पादित

मेरो घर, Gorkha Eco Panel को भर
GORKHA ECO PANEL

## गोर्खा इको प्यानल

"घर र भूकम्प सुरक्षा"

बाँके, बर्दिया लगायत लुम्बिनी र कर्णाली प्रदेशमा कार्यरत सम्पूर्ण प्राविधिक, इन्जिनियर र आर्किटेक्टहरुसँग
**खुला अन्तरक्रिया तथा प्रस्तुती कार्यक्रम** का झलकहरु



ईन्टरनेशनल ग्रिन डेभलपर्स नेपाल प्रा. लि.(IGDN)
(Al Khajah Establishment & factories, Bahrain) संगको संयुक्त लगानीमा स्थापित
राधेराधे, मध्यपुर थिमि, भक्तपुर, नेपाल
०१-६६३२६९८, ६६३६६९८
facebook.com/GorkhaEcoPanel
info@gorkhaecopanel.com
www.gorkhaecopanel.com


## हार्दिक समवेदना



जन्म
१९९४/०१/१५

निधन
२०८०/०९/०४

**काशीबहादुर त्वानाबासु**

नेपाल मजदुर किसान पार्टी वडा समितिका सदस्य केशव त्वानाबासुका पूजनीय पिता **काशीबहादुर त्वानाबासु**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुख:द घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
वडा पार्टी समिति, भक्तपुर न.पा. वडा नं.७

## हार्दिक समवेदना



जन्म
२०११/०७/२५

निधन
२०८०/०९/०६

**तुल्सीनारायण सुवाल**

यस समूहका हाम्रा आत्मीय मित्र प्रकाश सुवालका पूजनीय पिता **तुल्सीनारायण सुवाल**को असामयिक निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**we d unity**
**(Wiseland SLC Batch 2063)**

*बाँकी पृष्ठ ८ मा*

**भक्तपुर...**

७ का वडाध्यक्ष उकेश कवां र भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सम्पदा पदयात्रामा सहभागी बहाबहीका प्रतिनिधि र गुँला बाजा समूहका प्रतिनिधिहरू तथा सहयोगीलाई मायाको चिनो प्रदान गर्नुभयो ।

सांस्कृतिक गतिविधि र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न नगरका ठाउँ ठाउँमा सांस्कृतिक प्रदर्शनी, खाद्य स्टल तथा मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री केन्द्रहरू राखिएको थियो । ऱ्यालीमा हजारौँ सङ्ख्यामा नगरवासीहरूको उत्साहजनक सहभागिता थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको टौमढीमा पदयात्राको उद्घाटन गर्नुभएको थियो । यात्रामा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बहाबहीका प्रतिनिधिहरू, स्वयम्सेवक, सङ्घ संस्थाका प्रतिनिधि, खेलकुद समिति, गुँला बाजा समूह, डाफाभजन, स्काउट, विद्यार्थी, महिला, शिक्षक, व्यापारी, व्यवसायी, पत्रकार, लेखक नगरवासीहरूलगायतको सहभागिता थियो । टौमढीबाट सुरु भएको सम्पदा पदयात्रा गोल्मढीको यातामा पुगी सम्पन्न भएको थियो । सम्पदा पदयात्रा अखण्डशील महाविहार (बुलुचा), जेतवर्ण (तेखाचो), बौद्ध समंकृत (कुथुबही), जयकीर्ति (थथुबही), ज्येष्ठवर्ण (इताछेँ), लोकेश्वर (कुश्क), चतर्ब्रह्म (साकोथा), यालाछेँ बही (यालाछेँ), सुवर्ण (सुकुलढोका), मन्जुवर्ण (बेखाल), प्रशन्नशील महाविहार (क्वाठण्डौ), दीपङ्कर (क्वाठण्डौ), कुलरत्न (क्वाठण्डौ), धर्मकीर्ति (क्वाठण्डौ), आदिपद्म (सूर्यमढी), खुसीबाहा (खोङ्हे), मुनिबिहार (खँचा), इन्द्रवर्ण (इनाचो), झौरबही (गोल्मढी) हुँदै भनपा वडा नं. ७ यातामा पुगी कार्यक्रमको समापन भएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा